# आर्थिक बर्ष २०७०।०७१ को जिल्लास्तरीय
# बार्षिक प्रगति समीक्षा गोष्ठीको
# प्रतिवेदन

## १. परिचय

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २११ को उपदफा २ मा बार्षिक जिल्ला विकास योजनाको समीक्षा गर्ने सम्वन्धमा आवश्यक व्यवस्था भएको पाइन्छ। उक्त समीक्षा बैठकमा सरकारी, गैर सरकारी र दातृ संस्थाका प्रतिनिधिहरु समेतलाई आमन्त्रण गरी आ आफ्नो क्षेत्रबाट जिल्लामा सञ्चालित कार्यक्रमहरुको प्रगति समीक्षा गर्ने भन्ने छ। समीक्षा बैठकबाट प्राप्त सुझाव सहितको प्रतिवेदन आयोजना सञ्चालन गर्ने निकायहरुमा पठाउने र उक्त प्रतिवेदन जिल्ला परिषदको नियमित बैठकमा प्रस्तुत गर्ने प्रावधान समेत सो दफामा उल्लेख भएको छ। यसै गरी स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २०२ (४) मा बार्षिक समीक्षा गर्दा आयोजना सुपरिवेक्षण तथा अनुगमन उपसमितिले विभिन्न समयमा अनुगमन तथा सुपरिवेक्षण गर्दाका वखत तयार गरेका प्रतिवेदनमा उल्लेख भएका कुराहरुलाई समेत विचार गर्नु पर्ने व्यवस्था छ। साथै आयोजना तथा कार्यक्रममा देखिएका कमी कमजोरी हटाउन उपभोक्ता समिति, संघसंस्था, व्यक्तिलाई आवश्यक निर्देशन दिनसक्ने प्रावधान छ। यसै गरी स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थपन कार्यविधि २०६९ को बुँदा नं ३६ मा प्रगति प्रतिवेदन तथा समीक्षा सम्वन्धी विषयहरु उल्लेख भएको पाइन्छ।

जिल्लाको समग्र विकासको लागि स्थानीय समुदायका अतिरिक्त स्थानीय निकायहरु (जिविस, नगरपालिका र गाविसहरु) सरकारी कार्यालयहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु र नीजिक्षेत्रको महत्वपूर्ण योगदान रही आएको छ। यसै सन्दर्भमा विगतदेखि नै जिल्ला विकास समितिको आयोजना र समन्वयमा जिल्लास्थित सरकारी कार्यालय, अगैसस, अन्य संघसंस्थाहरुको विचमा चौमासिक तथा बार्षिक समीक्षा गोष्ठीहरु सञ्चालन हुँदै आएका छन्। जिल्लामा कार्यरत विषयगत कार्यालयहरु तथा अ/गैरसरकारी संस्थाहरुले गत आर्थिक वर्षमा के कस्ता कार्यक्रमहरु सम्पन्न गरे, आर्थिक र भौतिक प्रगती के कस्तो रह्यो ? खास उपलब्धी र प्रतिफल के निस्कियो ? कार्यक्रम सञ्चालन गर्दा के कस्ता समस्या एवं चुनौतीहरु आइपरे ? के कस्ता सिकाईहरु रहे ? आगामी दिनमा कसरी सुधार ल्याउन सकिन्छ ? आदिजस्ता सवालहरुमा अन्तरक्रिया गर्ने र सुझावहरु संकलन गर्ने उद्देश्यले बार्षिकरुपमा जिल्लास्तरीय बार्षिक समीक्षा गोष्ठीको आयोजना गरिंदै आइएको छ। यसै सिलसिलामा आर्थिक बर्ष २०७०/०७१ मा जिल्लास्थित सरकारी कार्यालय तथा गैरसरकारी संघसंस्थाहरुले जिल्लामा सञ्चालन गरेका योजना तथा कार्यक्रमहरुबारे समीक्षा गर्न जिल्ला विकास समिति लमजुङले सरोकारवालाहरुको विचमा मिति २०७१ साउन २१ र २२ गते जिल्लास्तरीय बार्षिक प्रगति समीक्षा गोष्ठीको आयोजना गरेको थियो। उक्त समीक्षा गोष्ठीमा प्रस्तुत भएका प्रगति विवरण, हासिल गरेका मुख्य मुख्य उपलब्धीहरु, कार्यालय, गैसस

तथा संघसंस्थाहरुबाट प्रस्तुत भएका प्रगति विवरण सम्बन्धमा सहभागीहरुले राखेका जिज्ञासा, प्रतिक्रिया तथा सुझाव र निश्कर्षहरु अभिलेखिकरण तथा सार्वजनिक गर्ने उद्देश्यले यो प्रतिवेदन तयार गरिएको छ ।

## २. समीक्षा गोष्ठीको उद्देश्य

जिल्लामा विकास कार्यक्रम गर्ने जिल्ला विकास समिति, विषयगत कार्यालय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था र अन्य संघसंस्थाहरुबाट आर्थिक बर्ष २०७०/०७१ मा सञ्चालन गरिएका योजना तथा कार्यक्रमहरुबाट के कस्तो प्रगति हासिल गरियो समीक्षा गर्नु यसको मुख्य उद्देश्य रहेको थियो । यस गोष्ठीका विस्तृत उद्देश्यहरु निम्न वमोजिम रहेका थिए ।

- सरकारी कार्यालय तथा गैरसरकारी संस्थाहरुले आ.व.२०७०/०७१ मा सञ्चालन गरेका योजना तथा कार्यक्रमहरुको प्रगती विवरण प्रस्तुत गरी सरोकारवालाहरुलाई जानकारी गराउने ।
- आव २०७०।०७१ को भौतिक तथा वित्तिय प्रगति विवरणहरु प्रस्तुत गर्ने ।
- कार्यक्रम सञ्चालनबाट प्राप्त उपलब्धी तथा प्रतिफलको बारेमा लेखाजोखा गर्ने ।
- योजना तथा कार्यक्रम सञ्चालनको सन्दर्भमा आइ परेका समस्या तथा चुनौतीहरुबारे छलफल गर्ने ।
- सुझावहरु संकलन गरी आगामी दिनमा अझ बढी प्रभावकारी तवरले कार्यक्रम सञ्चालन गर्न मद्दत पुऱ्याउने ।
- भएका कमीकमजोरीहरु पहिल्याई आगामी दिनमा सुधारहरु गर्न मार्ग निर्देश गर्ने ।

## ३. समीक्षा गोष्ठीको मिति,समय र स्थान :

यस समीक्षा गोष्ठीको अवधी दुई दिनको रहेको थियो । समीक्षा गोष्ठी २०७१ साउन २१ र २२ गते जिल्ला विकास समितिको सभाहलमा संचालन गरिएको थियो । गोष्ठी पहिलो दिन विहान ११.०० बजेबाट बेलुका ५.१५ सम्म र दोश्रो दिन विहान १०.३० बजेबाट बेलुका ७.५० बजेसम्म सञ्चालन भएको थियो ।

## ४. सहभागिता

यस समीक्षा गोष्ठीमा जिल्लाका माननीय सभासद्ज्यूहरु, प्रमुख जिल्ला अधिकारी, जिल्लाका राजनीतिक दलका प्रमुखहरु तथा समावेशी प्रतिनिधित्वका आधारमा अन्य प्रतिनिधिहरु, जिल्लाका सरकारी कार्यालयका प्रमुखहरु, जिल्लामा कार्यरत आगैससका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरु, रेडीयोकर्मी तथा पत्रकारहरु गरी पहिलो दिन १०५ जना र दोश्रो दिन ९१ जनाको उपस्थिति रहेको थियो । यस मध्ये लैंगिक विश्लेषण गरेर हेर्दा महिला सहभागीहरु पहिलो दिन २३ जना (२२ %) र दोश्रो दिन १४ जना (१५%) रहेको पाइयो । सहभागीहरुको उपस्थितिको छायाँप्रति अनुसूची ४ मा समावेश गरिएको छ ।

## ५. कार्यक्रम आरम्भ सत्र र व्यवस्थापन

दुई दिनको गोष्ठीको अध्यक्षता स्थानीय विकास अधिकारी श्री विष्णुदत्त गौतमले गर्नु भएको थियो । कार्यक्रममा माननीय सभासदज्यूहरु तथा राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, प्रजिअ लगायत

सरकारी कार्यालयका प्रमुखहरु, अन्य गैसस तथा संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरु सवैलाई आसन ग्रहण गराइएको थियो । तत् पश्चात स्थानीय विकास अधिकारी श्री विष्णुदत्त गौतमले सम्पूर्ण सहभागीहरुलाई स्वागत गर्दै गोष्ठीको उद्देश्य तथा दुई दिनको कार्यतालिका र सहभागीहरुको भूमिका बारेमा प्रकाश पार्नु भएको थियो । भनाई राख्ने क्रममा स्थानीय विकास अधिकारी श्री गौतमले “गत आवमा कार्यक्रम सञ्चालन गरे पश्चात के कस्ता उपलब्धी हासिल भए ? के कस्ता समस्या तथा चुनौती रहे ? छलफल गर्ने फोरम यही समीक्षा गोष्ठी हो । प्राप्त उपलब्धीहरुलाई आगामी दिनमा क्रमशः बढाउँदै लैजाने तथा समस्या र चुनौतीहरुलाई समाधान गर्दै जाने कोशिश गर्नु पर्दछ । समीक्षा गोष्ठीमा माननीय सभासदहरुको गरिमामय उपस्थिति छ । खासगरी जिल्लाको विकासको लागि के कसरी कार्य भै रहेका छन् तथा कसरी जान सकिन्छ भन्ने बारे माननीय सभासद्ज्यूहरुबाट हामीलाई प्राप्त हुने पृष्ठपोषणले आगामी दिनमा अघि बढ्न थप मद्धत पुर्‍याउने कुरामा कुनै शंका छैन । गैससहरु प्रगतिलाई पनि सम्वन्धित विषयगत कार्यालयहरुले कम्पाइल गरी उपलब्धी प्रस्तुत गर्ने परिपाटी बसाल्ने कोशिश गरिएको छ । कार्यालय प्रमुखहरुलाई प्रस्तुतीकरण सकेपछि हलबाट नहिंड्न अनुरोध छ ।” भन्ने भनाई राख्नु भयो । उक्त मन्तव्य पश्चात् क्रमशः विषयगत कार्यालयहरुको प्रस्तुतीकरण कार्य शुरु भएको थियो । प्रस्तुतीकरण र छलफलको लागि समय विभाजन गरिएको थियो ।

कार्यक्रममा आवश्यकता अनुसार आयोजक संस्थाबाट विभिन्न भूमिकामा कर्मचारीहरु खटाइएको थियो । कार्यक्रमको सहजीकरण योजना अनुगमन तथा प्रशासकीय अधिकृत श्री युवराज अधिकारीले गर्नु भएको थियो । त्यसै गरी गोष्ठीमा उठान भएका विषयबस्तुको टिपोट गर्ने कार्य कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेलबाट भएको थियो । प्रस्तुतीकरणमा ल्यापटप सञ्चालन कार्य लेखा अधिक्षक श्री सूर्यमान श्रेष्ठ र जिल्ला शासन विज्ञ श्री लोमश अधिकारीले गर्नु भएको थियो । गोष्ठीमा पानी, चिया र खाजाको यथोचित प्रवन्ध मिलाइएको थियो र यस कार्यमा कार्यालय सहयोगीहरुले आवश्यकतानुसार सहयोग पुर्‍याएका थिए ।

## ६. प्रस्तुतीकरण विधि र सामाग्री

गोष्ठीमा प्रस्तुतीकरण गर्ने कार्यालय तथा संघसंस्थाहरु मध्ये अधिकांश कार्यालय तथा संघसंस्थाहरुले श्रव्यदृश्य विधि प्रयोग गरी प्रोजेक्टरबाट प्रस्तुतीकरण गरेका थिए । सहभागीहरुमध्ये राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, लक्षित वर्गका प्रतिनिधिहरु, जिल्ला विकास समिति र केही निश्चित व्यक्तिहरुलाई प्रगती समीक्षा प्रस्तुत गर्ने कार्यालय तथा संघसंस्थाहरुले ह्याण्डआउट उपलब्ध गराएका थिए । प्रायः सवै कार्यालय तथा संघसंस्थाले सहभागीहरुलाई ह्याण्डआउट वितरण गरेका थिए ।

## ७. विषयगत कार्यालय तथा गैससहरुको प्रस्तुतीकरण कार्यक्रम

स्थानीय विकास अधिकारीज्यूको मन्तव्य पश्चात प्रस्तुतीकण कार्यक्रमको शुरुवात भयो । समीक्षा गोष्ठीमा २१ वटा सरकारी कार्यालय तथा २३ वटा गैर सरकारी संस्थाहरु गरी जम्मा ४४ वटा कार्यालय तथा संघसंस्थाको प्रस्तुतीकरण कार्य भएको थियो । पहिलो दिनमा पहिलो प्रस्तुती जिल्ला वन कार्यालयबाट शुरुवात भएको थियो । कतिपय विषयगत कार्यालयबाट आफ्नो क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाको पनि प्रस्तुतीकरण भएको थियो । कतिपय गैससहरुले अलग्गै प्रस्तुतीकरण गरेका थिए । विषयगत

कार्यालको प्रस्तुतीकरण कार्यमा खास गरी गत आवको भौतिक र वित्तिय प्रगति, सञ्चालन गरेका कार्यक्रमहरुको विस्तृत विवरणको साथसाथै हासिल गरेका प्रमुख उपलब्धीहरु, परेका समस्या र चुनौतीहरु समेत प्रस्तुत भएको थियो । कार्यालयहरुले हासिल गरेकमा महत्वपूर्ण उपलब्धीहरु, परेका समस्या तथा चुनौतीहरु र प्राप्त सुझाव तथा सहभागीहरुले राख्नु भएका जिज्ञासाहरु अनुसूची १ मा समावेश गरिएको छ ।

प्रस्तुतीकरण पश्चात सहभागीहरुबाट प्रतिक्रिया, जिज्ञासा तथा सुझावहरु राख्ने कार्य भएको थियो । सरकारी कार्यालयहरुले कतिपय गैससहरुको सम्वन्धित कार्यक्रम समेत प्रस्तुत गरेका थिए । यस सम्वन्धी कार्यालयगत विस्तृत विवरण अनुसूची ४ मा उल्लेख गरिएको छ ।

## ८.गोष्ठीको निश्कर्ष तथा निर्णयहरु

प्रस्तुतीकरणको समाप्ती पश्चात् गोष्ठीको निश्कर्ष एवं निर्णयहरु तयार गरिएको थियो । जुन निम्न वमोजिम रहेको छ ।

१. समीक्षा बैठकमा प्रस्तुत भएका प्रगति विवरण अनुसार आव २०७०।०७१ मा सवैजसो सरकारी निकाय तथा गैर सरकारी संस्थाहरुले लक्ष्य अनुसार प्रगति हासिल गरेको देखियो । प्रगति विवरण प्रस्तुत गर्दा भौतिक र वित्तिय प्रगति मात्र उल्लेख हुने र कार्यक्रम सञ्चालनबाट हासिल भएका उपलब्धीहरुलाई प्रमुखताका साथ प्रस्तुत गर्ने गरेको पाइएन । तसर्थ आगामी दिनहरुमा प्रगति विवरणहरु प्रस्तुत गर्दा उपलब्धी केन्द्रित भै प्रस्तुतीकरण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

२. अधिकांश कार्यालयहरुको बार्षिक प्रगति सन्तोषजनक नै देखियता पनि आर्थिक वर्षको अन्तिम समयमा मात्र बढी रकम खर्च हुने परिपाटीमा अझै पनि सन्तोषजनक सुधार हुन सकेको देखिएन । दोश्रो चौमासिकसम्मको प्रगति र तेश्रो चौमासिक अवधीको प्रगतिलाई तुलना गरी हेर्दा अझै पनि आर्थिक वर्षको अन्तमा नै बढी रकम खर्च हुने गरेको देखिएकोले आ.व. २०७१।०७२ को बार्षिक बजेट कार्यान्वयनमा यसतर्फ विशेष ध्यान दिने निर्णय गरियो ।

३. सरकारी निकायहरुवीच तथा विषयगत कार्यालय र सम्वन्धित क्षेत्रमा क्रियाशिल गैससवीचको समन्वय र साझेदारीलाई अझ बढी प्रभावकारी बनाउन च्भउयचतष्लन क्थकतझ लाई मात्र नभई योजना तर्जुमा र बार्षिक कार्यक्रम स्वीकृतिमा समन्वयको बढी खाँचो पर्ने हुँदा त्यसतर्फ सम्बद्ध सवै निकायहरुले ध्यान दिई कार्यक्रम कार्यान्वयनलाई अझ बढी प्रभावकारी बनाउने निर्णय गरियो ।

४. जिल्लाको पाँच वर्षे आवधिक जिल्ला विकास योजना तथा अन्य कतिपय क्षेत्रगत योजनाहरु समेत तर्जुमा भै स्वीकृत समेत भै सकेकाले सवै निकायले आ आफ्नो योजना तर्जुमा गर्दा तत्तत् विषयका क्षेत्रगत योजना र आवधिक जिल्ला विकास योजनाको लक्ष्य, उद्देश्य, नीति र कार्यक्रमहरुलाई आधार मानी लक्षित वर्ग केन्द्रित गरी कार्यक्रम सञ्चालन गर्न जोड दिने निर्णय गरियो ।

५. सवै सरकारी निकाय एवं गैर सरकारी संस्थाहरुले कार्यक्रम सञ्चालन गर्दा विपन्नता स्तरीकरण सम्वन्धी जिल्लाले स्वीकृत गरेको प्रतिवेदनलाई आधार मानी लक्षित वर्ग केन्द्रित गरी कार्यक्रम सञ्चालन गर्न जोड दिने निर्णय गरियो ।

६. जिल्ला विकास समिति लमजुङले आ.व. २०७०।०७१ मा न्यूनतम शर्त र कार्यसम्पादन मापनमा ७९ अंक प्राप्त गरी नेपालका ७५ जिल्लाहरुमध्ये पाचौं स्थानमा पर्न सफल भएको र जिल्लाका ६१ गाविसहरुमध्ये कुन्छा र भुलभुले बाहेकका अन्य सवै गाविसहरु न्यूनतम शर्त र कार्यसम्पादन मापनमा सफल भएको व्यहोरा आजको बैठकमा जानकारी प्राप्त भयो ।

७. आ.व. २०७०।०७१ को बार्षिक कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउने माननीय सभासद्ज्यूहरु, सरकारी एवम् गैर सरकारी निकायहरु, राजनीतिक दलहरु, नागरिक समाज, पत्रकार एवम् बुद्धिजीवी लगायत सवै जिल्लाबासीहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

## ९.समापन कार्यक्रम

कार्यक्रमकमो दोश्रो दिन उपस्थित सवै कार्यालय तथा संघसंस्थाहरुको प्रगति विवरण प्रस्तुतीकरण पश्चात समापन कार्यक्रमको आयोजना गरिएको थियो । समापन कार्यक्रमको अध्यक्षता स्थानीय विकास अधिकारी श्री विष्णुदत्त गौतमले गर्नु भएको थियो । समापन कार्यक्रममा माननीय सभासद्ज्यूहरु क्रमशः चन्द्र बहादुर कुँवर, जमिन्द्रमान घले, टुका हमाल, डा.भीष्म अधिकारी र लाल बहादुर गुरुङ, प्रमुख जिल्ला अधिकारी श्रवण कुमार तिमिल्सिना, राजनीतिक दलका प्रमुखहरु क्रमशः नेपाली कांग्रेसका सभापति कृष्ण कोइराला, नेकपा एमालेका अध्यक्ष धनञ्जय दवाडी, एनेकपा माओवादीका अध्यक्ष पारसमणि पौडेल, नेकपा-माओवादीका सह सेक्रेटरी अविरल न्यौपाने, राप्रपा अध्यक्ष बालचन्द्र श्रेष्ठ लगायतको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा सरकारी तथा गैर सरकारी संघसंस्थाका प्रमुख तथा प्रनिनिधिहरु र राजनीतिक दलका प्रतिनिधिहरु र सञ्चारकर्मीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा सभासदहरु चन्द्र बहादुर कुँवर, भीष्म अधिकारी र लाल बहादुर गुरुङले व्यस्तताका कारण दोश्रो दिनको प्रस्तुतीकरण केही बाँकी रहेकै अवस्थामा समापन मन्तव्य राख्नु भएको थियो । भने सभासदद्वय जमिन्द्रमान घले र टुका हमालले सवै प्रस्तुतीकरणको समाप्ती पश्चात समापन कार्यक्रम कै समयमा मन्तव्य राख्नु भएको थियो । समापन कार्यक्रममा राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु र प्रमुख जिल्ला अधिकारीज्यूले पनि मन्तव्य राख्नु भएको थियो । समापन कार्यक्रममा मन्तव्य राख्नु हुने महानुभावहरुले व्यक्त गर्नुभएका विचारहरु यथाशक्य जस्ताको तस्तै अनुसूची २ मा उल्लेख गरिएको छ । कार्यक्रमको अन्तमा स्थानीय विकास अधिकारी श्री विष्णुदत्त गौतमज्यूले सवैलाई धन्यवाद ज्ञापन र मन्तव्य राख्दै राती ७.५० बजे दुई दिने समीक्षा गोष्ठीको समापन भएको जानकारी गराउनु भएको थियो ।

**—— समाप्त ——**

## *अनुसूचीहरु :*

**अनुसूची १ :**
कार्यालहरुको प्रस्तुतीकरणमा प्राप्त गत आवमा हासिल गरिएका उपलब्धी, समस्या तथा चुनौतीहरु र प्राप्त जिज्ञासा तथा सुझावहरु

**अनुसूची २ :**
समापन कार्यक्रममा माननीय सभासदज्यूहरु, राजनीतिक दल र प्रजिअ तथा स्थाविअले व्यक्त गर्नुभएका विचारहरु

**अनुसूची ३ :**
**समीक्षा गोष्ठीको कार्यक्रम तालिका**

**अनुसूची ४ :**
समीक्षा गोष्ठीको उपस्थिति

**अनुसूची ५ :**
विषयगत कार्यालय तथा गैससहरुको प्रस्तुतीकरणको विस्तृत विवरण

**अनुसूची ६ :**
समीक्षा गोष्ठीका तस्वीरहरु

**अनुसूची ७ :**
आमन्त्रण गरिएका कार्यालय तथा संघंसंस्थाहरु र पत्र बुझेको भर्पाइ

*अनुसूची १ :*

**कार्यालहरुको प्रस्तुतीकरणमा प्राप्त गत आवमा हासिल गरिएका उपलब्धी, समस्या तथा चुनौतीहरु र प्राप्त जिज्ञासा तथा सुझावहरु**

## १. जिल्ला वन कार्यालय, लमजुङ

प्रस्तुतकर्ता : जिल्ला वन कार्यालयका कार्यालय प्रमुख श्री चन्द्रमान डंगोल

### गत आवमा हासिल गरेका मुख्य मुख्य उपलब्धीहरु :

- ५ वटा सामुदायिक वन हस्तान्तरण जसवाट २९७ घरधुरीवाट ४३२.०८ हे. वन क्षेत्र व्यवस्थापन भएको ।
- ६१०५३ गोटा विरुवा उत्पादन भै वृक्षारोपण भएको ।
- भुलभुले ईलाका वन कार्यालय भवन निर्माण सम्पन्न ।
- २० वटा कवुलियती वन समूहको जीविकोपार्जन सुधार योजना तयारी तथा कार्यान्वयन ।
- क.व.स. हरुमा विभिन्न जातका आयमूलक, गैरकाष्ठ, फलफूलका २६,७२५ र डालेघाँसका ९००० गोटा विरुवा रोपण ।

### प्रमुख समस्या तथा चुनौतीहरु

- दरवन्दी अनुसार तल्लो स्तरका कर्मचारी न्यून रहेको
- केहि सा.व.उ.स. मा उपभोक्ताहरु समावेश सम्वन्धी विवाद वढेको ।
- वन पैदावारमा आधारित उद्योग दर्ताका लागि माग अत्याधिक आउने गरेको र दर्ता सम्वन्धमा वन क्षेत्रवाट ३ कि.मी. टाढा हुनुपर्ने प्रावधानले समस्या भएको ।
- कवुलियती वन कार्यक्रम आगामी वर्ष कसरी जाने निश्चित नभएको ।
- कवुलियती वनमा नीतिगत अस्पष्टता रहेको ।
- चितुवा /वाँदरको आतंक बढेको ।

### प्राप्त जिज्ञासा, प्रतिक्रिया तथा सुझावहरु

- जंगली जनावरहरुको आतंक बढेको छ । के गर्न सकिन्छ ?
- यो वर्ष कति वटा इलाका वन कार्यालय निर्माणको लक्ष्य छ ?
- बाटो खन्दा इआइए नगरी खन्ने कत्तिको समस्या छ ? त्यस्ता सडक कति वटा छन् ?
- हामीसंग लमजुङमा कति प्रतिशत वन क्षेत्र छ ?

- सवै बाटोहरुको इआइए गरेर जान हुन्थ्यो । तर समुदायले आआफ्नो तवरले डोजर लगाइदिंदा समस्या परेको छ ।
- बाटो निर्माणको क्रममा ढालिएका काठहरु वेवारिसे अवस्थामा छन् । प्रक्रिया पुगेर कार्य गर्दा काठ सडेर गएका छन् ।
- जलवायु परिवर्तनको असरले हाम्रो बालनालीको उत्पादनमा के कस्तो असर पारेको छ ? कुनै अनुसन्धान भएको छ ?
- जुन समयमा पनि वढी डोजर प्रयोग भएको सन्दर्भमा जिविसबाट नियमन गर्न सकिंदैन ? केही महिना डोजर प्रयोगमा निषेध गर्न सकिदैन ?

## २. जिल्ला भू संरक्षण कार्यालय, लमजुङ

प्रस्तुतकर्ता : जिल्ला वन कार्यालयका कार्यालय प्रमुख श्री दिवाकर मास्के

### हासिल गरेका मुख्य मुख्य उपलब्धीहरु

- कार्यालयको वेरुजु शुन्य रहेको
- भोजेको पहिरोको अध्ययन टोलीलाई सहयोग समन्वय भई र सो को प्रतिवेदन प्राप्त भएको छ ।
- कार्यक्रमवाट जनताले प्रत्यक्ष सेवा लाभ प्राप्त गरेको
- करीव  २०० हे. जमिन संरक्षण भएको
- करीव २९०० श्रमदिन रोजगारी श्रृजना गरेको
- करीव ८००० घरधुरी लाभान्वित भएको
- करीव ३२ प्रतिशत जनसहभागिता जुटाउन सफल

### समस्या र चुनौतीहरु

- कार्यक्रमको माग धेरै छ । तर कार्यक्रमले सवै गाविस समेट्न सकेको छैन ।
- स्थानीय तहमा कार्यक्रम कार्यान्वयन गर्न जनशक्तिको कमी छ ।
- घलेगाउँमा चियाखेतीको नर्सरीमा विगत ५ वर्षदेखि कार्य गरिएको छ ।
- आयमूलक कार्यमा जोड दिइएको छ ।
- अघिल्लो वर्ष कार्यक्रम बनाउँछौं तर बर्षायाममा बाढी पहिरो जाने हुँदा तुरुन्तै त्यहाँ कार्य गर्नु पर्ने हुँदो रहेछ ।
- कार्यक्रमको माग धेरै भएकोले समेट्न कठिन भएको ।
- जथाभावि प्राकृतिक श्रोतको विनाश (वाटो,वन विनाश) भएको देखिन्छ ।
- योजनावद्ध तथा समन्वायात्मकढंगले कार्य सचालन गर्न कठिन महशुश भएको छ ।
- श्रोत र साधनको कमी रहेको छ ।

### प्राप्त जिज्ञासा, प्रतिक्रिया तथा सुझावहरु

- गरिबी निवारणको लागि हरेक मन्त्रालयमा कार्यक्रम देखिन्छ । तर उपलब्धी कम भएको पाइएको छ ।
- बेरुजु शुन्य भएकोमा विशेष धन्यवाद छ ।
- विपन्न वर्ग भनिएको छ । विपन्न छुट्याउने आधार के हो ? वास्तविक विपन्न वर्गमा कार्यक्रम पुगेको छ कि छैन ?

- कोलेनिकाले अडिट गर्दा विपन्नतामा कार्यक्रम पुगेको आधारहरु हेर्ने गरेको छ कि छैन ?
- जिविसले तयार गरको विपन्नता नक्शांकनको आधारमा विषयगत कार्यालयले कार्यक्रम सञ्चालन गर्नु पर्छ ।
- भोजेको पहिरोको बारेमा प्रतिवेदनले के भन्छ ?
- भोजेक पहिरोको प्रतिवेदनले के औंल्याएको छ ? सर्ने पर्ने भए सर्नको निम्ति पनि प्रेरित गर्नु पऱ्यो ।
- हिजो विपन्न कुन अवस्थामा थियो ? अहिले अवस्थामा के कति परिवर्तन आयो भन्नु पऱ्यो ।
- भू संरक्षणले वास्तविकरुपमा भू संरक्षणकै कार्य गरे हुने थियो । कार्यक्रम अन्यत्रै गएजस्तो लागेको छ । हाम्रो निर्वाहमूखी खेतीप्रणाली जस्तै भयो भू संरक्षणको कार्यक्रम । सवै गर्ने तर निर्वाह मात्रै ।
- नागरिकलाई जिम्मेवारी दिनुहोस् नागरिकले कार्य गर्दछन् ।

## ३. पश्चिमाञ्चल सिंचाई विकास डिभिजन नं १ लमजुङ

प्रस्तुतकर्ता : डिभिजन प्रमुख श्री सन्तोष कैनी

### हासिल गरेका मुख्य मुख्य उपलब्धीहरु

- कुल ५ वटा सिंचाई प्रणालीहरु सम्पन्न भई थप ९८ हेक्टरमा सिंचाई सुविधा पुगेको ।
- ८ वटा सिंचाई आयोजनाहरुको मर्मत कार्य सम्पन्न भएको ।

### समस्या तथा चुनौतीहरु

- डिभिजन बाट प्रस्ताबित सबै योजनाहरु रातो किताबमा नपर्ने हुदा डिभिजन बाट प्रस्ताबित योजनाहरु रातो किताबमा पर्नुपर्ने ।
- निर्माणाधिन योजनाहरुमा पर्याप्त वजेटको बिनियोजन नहुने हुदा योजना सम्पन्न गर्न धेरै बर्ष लाग्ने भएकोले पर्याप्त वजेट बिनियोजन हुनुपर्ने ।
- स्वीकृत वार्षिक कार्यक्रम ढिला प्राप्त हुने हुदा वार्षिक कार्यक्रम समयमा स्वीकृत हुनुपर्ने ।
- प्रायः आषाढ, श्रावण महिनामा बाढि पहिरो आई नहरको संरचना क्षति हुने तर सो समयमा मर्मत संभारको लागि डिभिजनमा कुनै वजेट नहुने हुँदा आकस्मीक मर्मत संभार कोष खडा गरी वजेट व्यवस्था हुनुपर्ने ।

### प्राप्त सुझावहरु तथा जिज्ञासाहरु

- राइनासटार सिंचाई आयोजनाको लागि बजेट अति न्यून भयो । ठूलो क्षेत्र ओगटेको क्षेत्रमा अहिलो पहिरो गएको छ । के गर्न सकिन्छ ?
- कतिपय सिंचाई आयोजनाको मर्मतको लागि भन्दा पनि पुननिर्माणको लागि पहल गर्नु पऱ्यो ।
- रम्घाटार र हाँडेटारमा पानि छैन । तर प्राथमिकतामा राइनासटार भन्दा रम्घाटार अघि छ ।
- रामचोकफाँट सिंचाई आयोजना कहिले सम्पन्न हुने हो ? अहिले सम्म पानी चलेको अवस्था छैन ।
- सानातिना सिंचाई आयोजना सिंचाई डिभिजनले कहिले हेर्ने हो ?
- नदी गहिरिएर गए । खेतजग्गा माथि छन् । कसरी सिंचाई प्रविधि विस्तार गर्ने हो ?

## ४. जिल्ला कृषि विकास कार्यालय, लमजुङ

प्रस्तुतकर्ता : कृषि प्रसार अधिकृत श्री सन्तोष चौधरी

### आव २०७०।०७१मा हासिल गरेका मुख्य मुख्य उपलब्धीहरु

- जिविस र गैससहरुको समेत गर्दा ५ करोड ३९ लाख कृषिमा लगानी भएको ।
- तोरी वालीको क्षेत्रफल ११०० हे मा विस्तार र उत्पादन ७४८ मे. टन भएको ।
- तोरीको बीउ प्रतिस्थापन दर : २९.५५ प्रतिशत रहेको ।
- १३ थान power tiller वितरण भई कृषि कार्यमा यान्त्रिकरणको सुरुवात भएको ।
- २० हे. (धान ६ हे., मकै ८ हे, र गहुँ ६ हे.) क्षेत्रमा वीज बृद्धि कार्यक्रम भई कृषकले उन्नत वीउ पाप्त गरेको ।
- उत्पादन तथा उत्पादकत्वमा बृद्धि भएको (धान, मकै, गहु र तोरी)
- बिद्युतिय मोटरबाट चल्ने कर्न सेलर (मकै छोडाउने मेशीन) बितरण
- खडेरीका बावजुद पनि मकैको उत्पादन सन्तोषप्रद रहेको ।
- ४७ वटा साना सिचांई (१९ वटा नया र २८ वटा पुरानो कुलो मर्मत सम्भार) योजना सञ्चालन गरिएको ।
- प्लाष्टिक पोखरी :- ८ वटा आयोजना सम्पन्न भएको
- यस बाट थप २३ हे. क्षेत्रमा सिचाई पुगेको र ११० हे. क्षेत्रमा सिचाई व्यवस्थापन गरिएको ।
- अलैचि नर्सरी स्थापना ३ वटा भएको र अगामी २ बर्ष भित्र कम्तीमा ४ लाख बिरुवा उत्पादन हुने ।
- अलैंचीको क्षेत्र बिस्तार ५ हेक्टरमा भएको ।
- आगामी एक ९ देखि १० लाख अलैंचीको बिरुवा उत्पादन हुने ।
- बेमौसमी तरकारी ले ढाकेको क्षेत्र : ४० हे. र उत्पादन : ४७५ मे.टन भएको ।
- तरकारी खेति क्षेत्रफल बृद्धि : २७.५ हे.
- ताजा तरकारी उत्पादन : ३२५ मे.टन
- सुन्तला बगैचा पुनर्जीवित हुने लक्षण देखिएबाट कृषकहरुमा आशा पलाएको ।
- जम्मा ३०० भकारो निमार्ण भएको ।
- हाल ११ हे. क्षेत्रमा मत्स्य पालन भएको । उत्पादन १५.०० मे.टन । ४५ लाख बराबरको माछा उत्पादन भएको ।
- ७ स्थान (चण्डीस्थान, उदीपुर, चिती, कुन्छा, धुसेनी, घलेगाउ र भोर्लेटार) मा कृषि उपज संकलन केन्द्र निर्माण सम्पन्न भएको ।

### देखिएका केही सकारात्मक प्रभावहरु

- कृषि व्यावसयिकारण : - खाद्यान्न बीउ उत्पादन र अदुवा, अलैची र हलेदो खेतीमा व्यावसयिकरण भएको, मत्स्य पालन र च्याउ व्यवसायिकरणको बाटोमा फड्को मार्दैछ ।

- निर्यात प्रवर्द्धन :- अलैची, कफि, मह, सुन्तला निकासी भएको र धान बीउ जिल्ला बाहिर निकासी भएको ।
- खाद्य सुरक्षा :- लमजुङ्ग जिल्ला खाद्य सुरक्षित रहेको
- स्थानीय रोजगारी :- कृषि वाट मौसमी रोजगारी पाएका विदेश पलाएन भएका मानिसहरु समेत आधुनिक कृषिमा आकर्षित भएका ।

## समस्या तथा चुनौतीहरु

- किवी कार्यक्रम व्यापक माग रहेको । अतः यस प्रकारको कार्यक्रमलाई प्रबर्द्धन गर्नु पर्ने ।
- युवाशक्ति कृषिबाट पलायन भइरहेको ।
- लमजुङ असिना ग्रस्त जिल्लाको रुपमा परिचित छ । अतः जोखिमबाट बाँच्नका लागी जिल्लामै रिजर्भ फण्डको नीतिगत व्यवस्था हुनुपर्ने ।
- सुन्तला बगान रोगग्रस्त भई नासिदै गएको । अतः रोगरहित बिरुवाहरुको प्रयोग गरी सुन्तला बगानको पुनर्जीवित गराउनु पर्ने ।
- जिल्लास्तर बीउबृद्धि कार्यक्रम मार्फत गुणस्तरीय बीउको पहुच मा जोड दिनु पर्ने ।
- मौजुदा दरवन्दी कमी रहेको र सेवाकेन्द्रको संख्याको पनि कमी रहेको । अतः दरबन्दी अनुसार कर्मचारीहरुको पदपुर्ति हुनु पर्ने र पहिला कै ढाँचामा सेवा केन्द्रहरुको बिस्तार गरीनु पर्ने ।
- जिल्लामा कार्यरत कर्मचारीहरुको बृद्धि विकासमा खासै सुविधा नरहेको ।
- अतः जिल्लामा कार्यरत कर्मचारीहरुलाई अध्ययन, भ्रमण, गोष्ठीमा सहभागिताको अवसर दिनु पर्ने ।

## प्राप्त सुझावहरु तथा जिज्ञासाहरु

- व्यवसायिक कृषिलाई उठाउन क्ष्लएग्त मा भन्दा इग्तएग्त मा क्ष्यक्षम्थ दिने नीति वनाउनु पर्ने ।
- दीर्घकालीन कृषि ऐन वनाउनुपर्ने ।
- कृषि र पर्यटन क्षेत्रलाई संबोधन हुने किसिमले कार्यक्रम तर्जुमा गरी बजेट बिनियोजन हुनु पर्ने ।
- जिल्लाभित्र अलैची, अदुवा र हलेदो खेती प्रबर्द्धन गर्न मिशन कार्यक्रम ल्याउनु पर्ने ।
- सेवाकेन्द्र र जिल्लामा कार्यरत कर्मचारीको मनोवल उच्च राख्ने किसिमका आकर्षक कार्यक्रम ल्याउनुपर्ने ।
- चितीको सुन्तलाको अध्ययनको लागि प्रोजेक्ट थियो । के नतिजा आयो ?
- किसानहरुलाई दिने मिनिकिटहरु सवै सधैं एउटै व्यक्तिको लागि हो कि के हो ?
- मकैको वीउको बजारभाउ बढे पछि
- समाजमा जसरी खाद्यान्नको कारणले बढी रोग लागेको छ । विषादी रहित खेती प्रणाली सम्वन्धी गत आवमा केही कार्यक्रम सञ्चालन भए कि भएनन् ?
- खाद्यान्नमा आत्मनिर्भर हुनको लागि कुन कुन स्थानमा के के गर्ने भन्ने दीर्घकालिन सोच छ ?
- कार्यक्रम खर्च र प्रशासनिक खर्चको अनुपात के छ ?
- माटो परीक्षणबाट आउने प्रतिवेदनबाट पकेट क्षेत्र विस्तार गर्न सहयोग पुग्छ कि पुग्दैन ?
- कहाँ कहाँ के के खेती हुने हो भनेर पकेट क्षेत्र कृषिले निर्धारण गरिदिनु पर्‍यो । र त्यही अनुसार लगानी गर्ने वातावरण मिलाइ दिनु पर्‍यो ।

- भीरमौरी महोत्सव भनेको छ । हरेक वर्ष काट्न गइएको छ । संरक्षण हुन्छ र यसरी ?
- तरकारीखेतीमा अनुदान वास्तविक किसानसमक्ष पुगेको छैन । निर्णय गर्दा अलि गम्भिर हुनु पऱ्यो । बजेट छरिएको छ । कृषिमा किसान समक्ष पुगेको अनुदान सदुपयोग हुनु पऱ्यो ।

## ५. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, लमजुङ

प्रस्तुतकर्ता : सिनियर डिभिजन प्रमुख श्री जगरनाथ दास

### हासिल गरेका प्रमुख उपलब्धीहरु

- समी भन्ज्याङ्ग खापाआ( दुइ पिपले स्किम र सोतीपसल स्किम) सम्पन्न भई हस्तान्तरण समेत भएको
- पुरानकोट खापाआ सम्पन्न भई हस्तान्तरण समेत भएको
- २९ वटा गाविस खुला दिसा मुक्त गाविस घोषण भएको
- यस आव मा २९ वटा गाविस खुला दिसा मुक्त गाविस
- घोषण भई हालसम्म ५७ वटा गाविस खु.दि.मु.क्षे. भएको ।
- खुल्ला दिसामुक्त घोषणा हुन बाँकि ४ वटा गाविस मध्ये घनपोखरा र रम्घामा चर्पी निर्माण सम्पन्न भएको

### मुख्य समस्याहरु

- राइनासकोट मोहरिया खापाआमा जनश्रमदान जुटाउन कठिनाइ भएको ।

### प्राप्त सुझावहरु तथा जिज्ञासाहरु

- खानेपानी योजनामा कार्यरत गैससहरु कति भए ?
- खापा योजना रातो किताबमा एकै ठाउँको धेरै परेछन् ।
- कार्यालयको नाममा सरसफाई पनि भनिएको छ । सरसफाइ भित्र के के पर्दछन् ? र के कस्ता कार्यक्रमहरु सञ्चालन गरिए ?
- वातावरणीय सरसफाईको रकम के कारणले फ्रिज भयो ?
- निकासा समयमै आउनको निम्ति माननीयज्यूहरुले पहल गर्नु पऱ्यो ।

## ६. जलउत्पन्न प्रकोप नियन्त्रण कार्यालय, पोखरा

प्रस्तुतकर्ता : कार्यालयका इन्जिनियर श्री मुकुन्दराज घिमिरे

### हासिल गरेका उपलब्धीहरु

- जिल्लाका केही खोला र नदीहरुमा संरक्षणको कार्य गरिएको ।
- स्कुल, खेतीयोग्य जमिन, कुलो, घरगोठ तथा पहीरो नियन्त्रण गर्नु नै जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालयको उपलब्धी हो ।
- बाढी पहिरोबाट जनताको जिउधनको सुरक्षा गर्नु नै यस कार्यालयको अनुकरणीय कार्य हो ।

### समस्या तथा चुनौतीहरु

- योजना माग भन्दा बजेट न्यून हुनु ।

- विनियोजित बजेटको आकार अत्यन्त न्यून हुनु । जस्तो डेढ लाखले नदि नियन्त्रण कसरी गर्न सकिन्छ ?
- विगत आ.व.हरुमा यस कार्यालयबाट तारजाली वितरण भएता पनि हाल वितरण नहुनु ।
- वारी साधन अपर्याप्त हुनु ।

**प्राप्त सुझावहरु तथा जिज्ञासाहरु**

- योजना लिंदा एउटा नदी खोलाको सवै क्षेत्र लिंदा राम्रो हुन्छ ।

## ७. जिल्ला शिक्षा कार्यालय, लमजुङ

प्रस्तुतकर्ता : जिल्ला शिक्षा अधिकारी श्री धनसिंह धामी

**आव २०७०।०७१ मा हासिल गरेका प्रमुख उपलब्धीहरु**

- जिपिएस र जिआइएसको माध्यमबाट सवै विद्यालय नक्शांकन गर्ने कार्य भएको छ । हाल गोगल अर्थमा गएर विद्यालय पाउन सक्छौं ।
- शिक्षकहरुको अभिलेख व्यवस्थापन गरिएको छ । कम्प्युटराइज्ड गरिएको छ ।
- मावि तथा उच्च माविका प्रअहरुसंग कार्यसम्पादन करार गरिएको छ ।
- विद्यालयको भौतिक पूर्वाधार सुविधा सुधार विस्तार भएको छ ।
- विद्यालय सञ्चालन र व्यवस्थापनमा सुधार
- ICT र पुस्तकालय व्यवस्थापन
- स्थानीय तहमा क्षमता अभिबृद्धि
- सिकाई सामाग्री व्यवस्थापन
- शैक्षिक सुधारका लागि प्रतिवद्धता
- कार्यालयको वेभ साइट व्यवस्थापन
- जिल्ला शिक्षा कार्यालयको लक्ष्य सहितको कार्य योजना निर्माण
- मावि तथा उच्च माविका प्रधानाध्यापकहरु र श्रोत व्यक्तिहरुसंग कार्यसम्पादन करार
- विद्यालयहरुको सामाजिक परीक्षण र लेखा परीक्षण
- परिणाममा आधारित अनुगमन प्रणालीको शुरुवात ।

**समस्या तथा चुनौतीहरु**

- समयमा शिक्षक व्यवस्थापन हुन नसक्दा सिकाई वर्ष २०७० प्रभावकारी हुन नसक्नु ।
- कर्मचारी व्यवस्थापनबाट कार्यसम्पादनमा प्रभाव
- स्थानीय तहका संरचनाहरुलाई प्रभावकारी बनाउन नसकिनु ।
- अनुगमन निरीक्षण प्रणालीइ प्रभावकभारी हुन नसक्नु ।
- कार्यक्रमगत समस्या
- साक्षरता घोषणा गाविस। नपा गर्ने कार्यक्रम सम्पन्न हुन नसकेको ।

**समस्या समाधानका लागि गरिएका प्रयासहरु**

- निरीक्षण तथा अनुगमनलाई व्यवस्थित बनाउन पहल गरिएको ।
- छलफल र अन्तर्क्रियामार्फत शैक्षिक समस्याहरुलाई सम्बोधन गर्न पहल गरिएको ।
- कार्यक्रमगत समस्यालाई समाधान गर्न विभिन्न निकायहरुसंग समन्वय गरिएको ।

(पुनश्च : नौलो घुम्ती, ग्लोवल एक्सन, महिला आपसी सहयोग केन्द्र आरसिडिसी, स्क्यान नेपाल,चेस नेपाल गोरखा वेयलफेयर र लक्ष्मीनारायण सामुदायिक पुस्तकालयको कार्यक्रम समेत प्रस्तुत भएको)

**प्राप्त सुझावहरु तथा जिज्ञासाहरु**

- बेसीशहरको मदर्सा र जिल्ला शिक्षा कार्यालयविच समन्वय हुन नसक्दा उक्त मदर्शाले सहयोग प्राप्त गर्न सकेको अवस्था छैन । यसबारे जिल्ला शिक्षा कार्यालयको के भनाई छ ? त्यस्तै दुराडाँडाको पनि नियमित चलेकै छ ।
- अंग्रेजी माध्यमबाट शिक्षण सिकाई गराउने सम्वन्धी तालिम किन सञ्चालन हुन सकेन ?
- रेडीयो कार्यक्रम कुन रेडीयोबाट प्रसारण भएको हो ? जानकारी गराउनु पर्‍यो ।
- एचआईभि संक्रमित बालबालिकाहरु पहिचान भएर कार्यक्रम गरिएको हो ?
- समस्याहरु के हो छानेर ल्याउनु पर्‍यो ।
- स्थानीय आवश्यकता जे हो त्यसैमा कार्यक्रम डिजाइन गर्नु पर्‍यो ।
- विपन्न लक्षित कार्यक्रम सञ्चालन गर्ने क्रममा कहाँ कुन विपन्नलाई सहयोग पुगेको हो तोकिएर आउनु पर्‍यो ।
- गाविसतहमा यति जना निराक्षर छन् भन्ने पाइन्छ । तर ती निराक्षर को हुन् त ? भनेर पाउन सकिएन । के गर्नु पर्ला ?
- निराक्षरहरुको नाम नामेसी तयार गर्न नसकेसम्म पूर्ण साक्षरता अभियान सञ्चालन गर्न सकिंदैन ।
- उच्च माविहरुको सम्बन्धमा शिक्षा कार्यालयले कस्तो अनुगमन गरेको छ ? छात्रबृत्ति समेत दुरुपयोग भएको छ । शिक्षा कार्यालयको आफ्नै संयन्त्र पनि छ । किन अनुगममन प्रभावकारी हुन सकेन ?
- पूर्ण साक्षर जिल्ला बनाउनको लागि शिक्षा कार्यालयसंग के कार्य योजना छ ?
- गोगल अर्थमा जिपिएस सिस्टमबाट राखिएको विद्यालयहरुको बारेमा केही सामान्य जानकारी पाउन सकिन्छ कि सकिंदैन । जस्तो विद्यार्थी संख्या शिक्षक संख्या आदि ।
- विद्यालयहरुको एसएलसिको रिजल्ट पनि फलक्चुएट छ । राम्रो विद्यालयलाई थप प्रोत्साहन दिने तथा कमजोर विद्यालयहरुलाई सुधार गर्न केही कार्यहरु गरिने गरिएको छ वा छैन ?
- शिक्षा निशुल्क भनिन्छ तर अधिकांश सरकारी विद्यालयहरुमा शुल्क लिइन्छ । के हो ?
- छात्रबृत्ति दुरुपयोग भएका छन् । खै त अनुगमन भएको ?
- विद्यालयमा सरकारी तथा गैसस संघसंस्थाले दिएका सामाग्रीहरुको प्रयोग भएको छ वा छैन अनुगमन कसरी भै रहेको छ ?

## ८. जिल्ला पशुसेवा कार्यालय, लमजुङ

प्रस्तुतकर्ता : जिल्ला पशुसेवा कार्यालयका पशु विकास अधिकृत श्री प्रमुख शिवकान्त खनाल

**गत आवमा हासिल गरेका प्रमुख उपलब्धीहरु**

- दूधको उत्पादन बृद्धिदर ०.३१, मासुको उत्पादन बृद्धि १.३१ रहेको ।
- अण्डाको उत्पादन ३.३८ ऊनको उत्पादन बृद्धिदर ५.३३ प्रतिशत रहेको ।
- हिउँदे तथा वर्षे घाँस २२ हेक्टर र बहुबर्षे घाँस १२५ हेक्टरमा लगाइएको ।
- कार्यालयमा सेवा प्रवाहलाई प्रभावकारी बनाउन टोकन प्रणाली लागु गरिएको ।
- वंगुरको  ५ फार्म संचालन भएको ।
- सुशासन इकाई गठन भएको । साथै रेडियो कार्यक्रम सञ्चालन गरिएको ।

**समस्या तथा चुनौतीहरु**

- सेवाकेन्द्रको लागी आवश्यक कार्यालय भवन कोठा नहुनु ।
- मोटरसाइकलको कमी ।
- पशु सेवाकेन्द्रहरु कृषिको मातहातमा रहेकोले भुःउपयोग सम्वन्धि
- समन्वय गर्न कठीन ।
- अधिकांस सेवा केन्द्रहरु भाडामा रहेको ।

(शिलषा, चेस नेपाल, च्वाइस नेपालको कार्यक्रम समेत प्रस्तुत भएको )

**प्राप्त सुझावहरु तथा जिज्ञासाहरु**

- कार्यालयको लागी आवश्यक जग्गा जिल्ला पशु सेवा कार्यालयका नाउमा हुनु पर्ने ।
- भवन मर्मतको लागी बजेट व्यवस्था गर्नु पर्ने ।
- कार्यबोझ हेरी सेवाकेन्द्रमा मोटरसाइकलको व्यवस्था गर्नु पर्ने
- रेडीयो कार्यक्रमबारे थप स्पष्ट पारिदिनु पऱ्यो ।
- पैसा खाडीमा हैन झाडीमा छ भन्ने सन्देश राम्रो लाग्यो । लमजुङ जिल्लाको घरपरिवार संख्या ४२०७९ छ । भेडा बाखा संख्या २३ हजार रहेछ । भनेपछि प्रत्येक परिवारलाई दशैं मान्न पनि आधा नपुग्ने भेडाबाखा रहेछन् । वर्ष दिन भरि खानको लागि त धेरै नै अभाव देखियो ।
- पैसा झाडीमा छ भन्ने सन्देशलाई विस्तार गर्नु पऱ्यो ।

## ९. जिल्ला जनस्वास्थ्य कार्यालय, लमजुङ

प्रस्तुतकर्ता : बरिष्ठ जनस्वास्थ्य अधिकृत श्री राजेन्द्र घिमिरे

**आव २०७०।०७१मा हासिल गरेका प्रमुख उपलब्धीहरु**

- स्वास्थ्य संस्थाको सुपरभिजन गरी लक्ष्य अनुसार प्रगति भए नभएको र सुधार गर्नुपर्ने विषयमा तत्काल पृष्ठपोषण दिने  र Onsite Coaching गरिएको  ।
- स्वास्थ्य सूचकहरुको मासिक अनुगमन गर्न Data information board को प्रयोग गरिएको ।
- ८ वटा गा.वि.स.मा पूर्ण खोप गा.वि.स घोषणा । (सूर्यपाल, चन्द्रेश्वर, चण्डीस्थान, बाग्लुङपानी, परेवाडांडा, पाचोक, कुन्छा, भोटेओडार)
- सामुदायिक अस्पताल बेशिसहरमा Healthy Baby Competition संचालन गरिएको ।
- कोल्की गा.वि.स.मा आमा समुह र जनस्वास्थ्य कार्यालयको सहकार्यमा स्वास्थ्य शिबिर संचालन ।

- ८ वटा गा.वि.स.मा पूर्ण खोप गा.वि.स घोषणा । (सूर्यपाल, चन्द्रेश्वर, चण्डीस्थान, बाग्लुङपानी, परेवाडांडा, पाचोक, कुन्छा, भोटेओडार)
- सामुदायिक अस्पताल बेशिसहरमा Healthy Baby Competition संचालन गरिएको ।
- कोल्की गा.वि.स.मा आमा समुह र जनस्वास्थय कार्यालयको सहकार्यमा स्वास्थ्य शिबिर संचालन ।
- सिन्दुरे र ताघ्रिङमा Dental camp संचालन ।
- स्वास्थ्य सेवाको पहुँच बाहिरका समुदाय जातजातीहरुको लागि सेवा बिस्तार सम्बन्धी कार्यक्रम । ११ गा.वि.स मा (ईलमपोखरी, पुरानकोट, खुदी, परेवाडाँडा, तार्कुघाट, वाग्लुङपानी, पाचोक, वन्सार, हिलेटक्सार, ताघ्रिङ र वाङ्ग्रे)

**समस्या तथा चुनौतीहरु**

- दरवन्दी अनुसार करीव २५ प्रतिशत पदहरु रिक्त
- २४ घण्टा प्रसुति सेवा केन्द्रमा करार सेवाका कर्मचारीहरुलाई १२ महिना निरन्तरता दिन प्रशासनिक तथा आर्थिक समस्या
- किशोरी अवस्थामा गर्भवती हुने दर उच्च रहेको (२३५)
- खोप कार्यकर्ताहरु र कार्यालय सहयोगीहरुको पद रिक्त हुने क्रम वढ्दो
- कतिपय उपस्वास्थ्य चौकीहरुको भवन जीर्ण अवस्था र कोठाहरु अपर्याप्त भएकोले Birthing Centre विस्तार गर्न नसकिएको ।
- भावी योजनाहरु
- २० वटा गा.वि.स.लाई पूर्णखोप गा.वि.स घोषणा गर्ने ।
- दुईवटा स्वास्थ्य संस्थाहरुमा २४ घण्टे प्रसुति सेवा संचालन
- १० वटा स्वास्थ्य संस्थामा स्वास्थ्य संस्था व्यवस्थापन तथा संचालन समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण कार्यक्रम संचालन ।
- लामो जन्मान्तरको लागि परिवार नियोजन साधन सम्बन्धी सेवा विस्तार ५ वटा स्वास्थ्य संस्थामा (IUCD / Implant)
- अनुगमन गरी तत्काल पृष्ठपोषण दिने कार्य भएको ।
- ८ गाविस पूर्ण खोप गाविस घोषणा भएका
- दरबन्दी अनुसार २४ प्रतिशत पदहरु रिक्त
- किशोरी अवस्थामा गर्भवती हुने दर उच्च । (२३%)

**प्राप्त सुझावहरु तथा जिज्ञासाहरु**

- सामुदायिक स्वाथ्य एकाईको लागि माननीय सभासदहरुबाट पहल होस । जस्तै सिउरुङ, कालाघिरिङ, फुलंगिरी, आदि स्थानमा ।
  (दलित सेवा संघ, अपांग संरक्षण समाज, ग्रामीण सामुदायिक विकास केन्द्रका कार्यक्रमहरु समेत प्रस्ततु भएको)

## १०. जिल्ला घरेलु विकास समितिको कार्यालय, लमजुङ

प्रस्तुतकर्ता : निमित्त कार्यालय प्रमुख श्री बम ठकुरी

### हासिल गरेका उपलब्धीहरु

- उद्यमी विकास कार्यक्रम र उद्योग प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको ।

### समस्या तथा चुनौतीहरु

- विभिन्न लामो अवधीका तालिमहरु सञ्चालन गर्न श्रोतको कमी भएको ।

### प्राप्त सुझावहरु तथा जिज्ञासाहरु

- तालिम लिएका व्यक्तिहरु कहाँ कहाँ के के गर्दैछन? यसको रेकर्ड छ ?
- तालिममा सहभागीहरु कसरी छनौट गरिन्छ ? कुन तालिम दिने भन्ने कसरी निर्णय हुन्छ ?
- पहुँच पुगेको एकपटक लिएको व्यक्ति पटक पटक सो सेवा पाइरहने भयो । तर थाहै नपाएको, सूचना नपुगेको नागरिकले सेवा नै नपाउने भयो ।

## ११. जिल्ला प्राविधिक कार्यालय, लमजुङ

प्रस्तुतकर्ता : सि.डि.ई. श्री खगेन्द्र प्रसाद दाहाल

### हासिल गरेका उपलब्धीहरु

- मालिङ गाविस भवन निर्माण कार्य सम्पन्न भएको ।

### समस्या तथा चुनौतीहरु

- न्यून/अपर्याप्त बजेट बिनियोजन हुने गरेको ।
- योजना निर्माणस्थल छनौटमा विवाद हुने गरेको ।
- क्वालिटी कन्ट्रोलमा समस्या हुने गरेको ।
- स्वीकृत दरबन्दी अनुसार कर्मचारी नभएको ।
- कर्मचारीहरुलाई पुनरताजकि तालिमको हाल सम्म व्यवस्था हुन नसकेको ।

### प्राप्त सुझावहरु तथा जिज्ञासाहरु

- पर्याप्त बजेट बिनियोजन हुनु पर्ने ।
- योजना छनौट अगावै निर्माणस्थल निर्विवाद हुनु पर्ने ।
- ल्याबका सामानहरु र ल्याब टेक्निसियनको व्यवस्था हुनु पर्ने ।
- कर्मचारीहरुलाई तालिमको व्यवस्था गर्नु पर्ने ।
- स्वीकृत दरबन्दी अनुसार कर्मचारीको व्यवस्था हुनु पर्ने ।
- कर्मचारीहरुलाई पुनर्ताजगी तालिमको व्यवस्था हुनु पर्ने ।
- वास्तविकरुपमा क्षति पुगेका गाविस भवन सेवाकेन्द्र भवन नबने तर क्षति नै नपुगेका स्थानमा बन्ने भयो । आवश्यकता पहिचान नै हुन सकेन ।
- प्राविधिक कार्यालयको जनशक्तिको काम कारबाहीको बारेमा व्यापक जनगुनासो आउने गरेका छन् । सुधार हुनु पर्‍यो ।

## १२. महिला तथा बालबालिका कार्यालय, लमजुङ

प्रस्तुतकर्ता : महिला विकास अधिकृत श्री दिपा घिमिरे

### हासिल गरेका प्रमुख उपलब्धीहरु

- महिला विकास कार्यक्रम सवै गाविसमा विस्तार भएको छ ।
- लैङ्गिक हिंसाका घटनाहरु समुदायस्तरबाट बाहिर आउने क्रम वढ्दै गएको छ ।
- महिलाहरुको शसक्तिकरणमा क्रमिक सुधार आएको छ ।
- महिलाहरु व्यसायिकतातर्फ उन्मुख हुँदै गएका छन् ।
- घरायसी कामकाजमा पुरुषजनको सहयोग र समर्थन प्राप्त हुँदै गएको छ ।
- छोरा छोरी वीच गरिने विभेदमा न्यूनीकरण भएको छ ।

### समस्या तथा चुनौतीहरु

- कार्यक्षेत्रको अनुपातमा कर्मचारी दरबन्दी कम हुनु ।
- कार्यालयको आफ्नो भवन नहुनु ।

### प्राप्त सुझावहरु तथा जिज्ञासाहरु

- जहाँ जग्गा प्राप्त गऱ्यौं भन्नु भएको छ त्यहाँको जग्गाको स्वामित्व के हो हेर्नु पर्छ । बाटोको एलाइन्मेण्ट मिलाइयो भने हुन सक्छ ।
- सार्वजनिक स्थानमा भवन बनाउने प्रक्रिया के हो ? सवै सार्वजनिक स्थानमा भवन बनाउँदै जाने हो भने विपद् आउँदा के गर्ने हो ?
- जिल्ला प्रशासन कार्यालयको पुरानो भवनमा मालपोत कार्यालय सार्ने र साविक मालपोत कार्यालयमा महिला बालबालिका कार्यालय राख्दा पनि हुन्छ ।
- जसरी हुन्छ महिला तथा बालबालिका कार्यालयलाई आफ्नो कार्यालय भवन आवश्यक छ । यो लमजुङको प्रतिष्ठा पनि हो ।
- महिलामाथि हुने हिंसा अन्त गर्नको लागि जिल्लामा योजना बनेको छ वा छैन ?
- बैदेशिक रोजगारले ल्याएको विकृति कसरी न्यूनीकरण गर्न सकिन्छ ? हामीले ध्यान दिनु पर्छ ।
- महिला तथा बालबालिका माथि पर्ने मर्का त यस कार्यालयले हेर्छ । पुरुष अन्यायमा परेको कसले हेर्छ ?

## १३. जिल्ला सामुदायिक अस्पताल, लमजुङ

प्रस्तुतकर्ता : अस्पताल निर्देशक डा. श्री विष्णु विष्ट थापा

### हासिल गरेका प्रमुख उपलब्धीहरु

- स्थानिय समुदायलाई जिल्ला स्तरमा नै गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउन सफल ।
- निशुल्क स्वास्थ्य कार्यक्रम अन्तर्गत आर्थिक अभाव रहेका विरामीहरुलाई निशुल्क सेवा प्रदान ।
- राष्ट्रिय स्तरको स्वास्थ्य तालिम केन्द्रको रुपमा स्थापित ।
- जिल्लामा स्तरमा विषशेज्ञद्धारा हाडजोर्नि सेवा संचालन ।

- अस्पताल बाट निस्कने फोहोर ब्यवस्थापनको लागि ईन्सिनेरेटरको निर्माण कार्य सुरु गरिएको ।
- स्वास्थ्य मन्त्रालयको रिपोर्ट अनुसार नेपालको जिल्ला अस्पतालहरु मध्य सबै भन्दा धेरै शल्यत्रिया सेवा दिने अस्पतालमा सुचित ।

**समस्या तथा चुनौतीहरु**

- अस्पतालको सेवा सँविधामा विस्तार भएको तर यसका लागी भौतिक संरचनाको अत्यन्त अभाब भएको, जस्तै ईमर्जेन्सि भबनको व्यबस्था, पोषण ल्किनिक, यौन रोग ल्किनिक, चिकित्सकको लागी जाँच्ने कोठा, कर्मचारी आबास गृहको अभाब आदि ।
- विशेषज्ञ डाक्टरको कमी
- अस्पतालको लागी दिर्घकालिन दाताको अभाब जसले गर्दा अस्पतालको आन्तरीक श्रोतबाट मात्रै अस्पताल संचालन तथा भौतिक संरचना विस्तार गर्नमा समस्या

**प्राप्त सुझावहरु तथा जिज्ञासाहरु**

- यस जिल्ला अस्पतालबाट निशुल्क पाइने औषधीहरु निशुल्करुपमा पाउनु पर्‍यो ।

## १४. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, लमजुङ

प्रस्तुतकर्ता : कार्यालय प्रमुख डा.श्री रमेश पोखरेल

**हासिल गरेका प्रमुख उपलब्धी**

- आयुर्बेद सम्बन्धि बिभिन्न खाले जनचेतनामुलक कार्यक्रम सम्पन्न भए पश्चात जिल्ला आयुर्बेद स्वास्थ्य केन्द्र लमजुङ र मातहतका आयुर्बेद औषधालयहरुमा सेवा ग्राहिको संख्यामा उल्लेख्य बृद्धि भएको ।
- यस जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र द्धारा सञ्चालित निशुःल्क आयुर्बेद स्वास्थ्य शिबिर र एकिकृत घुम्ती स्वास्थ्य शिविर बाट आयुर्वेद स्वास्थ्य सेवा नपुगेका जिल्लाका दुर दराजका जनताले सेवा प्राप्त गरे ।
- जिल्लामा विगत दुई वर्ष देखी रिक्त आयुर्वेद चिकित्सकको दरबन्दि पद पुर्ति भै स्तरिय सेवा सुचारु भएको ।
- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र जोड्ने मोटरबाटोको ट्र्याक खोलिएको ।
- चक्रतिर्थ आयुर्वेद औषधालयको लागि स्थानीय बासीहरुबाट जग्गा अनुदान प्राप्त गरी क्रमागत भवन निर्माण सुरु गरिएको ।

**समस्या तथा चुनौतीहरु**

- स्वास्थ्य संस्था र कर्मचारीको अभाव :-हाल जिल्लामा ८ वटा मात्र स्वास्थ्य संस्था रहेको हुदा जिल्लाको उत्तरी भेगमा आयुर्वेद सेवा तथा कार्यक्रम पुर्‍याउन सकिएको छैन भने रहेका स्वास्थ्य संस्थामा पनि दरबन्दि अनुसार कर्मचारी नहुदा जनशत्तिको ठुलो समस्या रहेको छ ।
- न्युन बजेट :- आयुर्वेद क्षेत्रमा सरकारी लगानी न्युन रहेको र अन्य क्षेत्रको समेत यस तर्फ कुनै कार्यक्रम नभयको हुदा सिमित बजेटका कारण प्रभावकारी रुपमा कार्यक्रम संचालन गर्न नसक्नु ।

- स्पष्ट कार्यक्रम संचालन निर्देशिका तथा तालिमको अभाव :- आयुर्वेद विभागबाट स्विकृत कार्यक्रमहरु संचालनका लागी कायक्रम संचालन निर्देशिका तथा कार्यक्रम संचालन पूर्ब कर्मचारीलाइ तालिमको ब्यबस्था नहुनु ।
- अन्य कारणहरु :- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र सदरमुकाम भन्दा बाहिर सर्वसाधारणलाई अपाईक पर्ने ठाउँमा रहेको हुँदा सहज पहुच र स्तरिय सेवा दिन कठिनाई भएको

**प्राप्त सुझावहरु तथा जिज्ञासाहरु**

- हाल रहेका संस्थाहरुमा दरबन्दि अनुसार कर्मचारीको ब्यबस्था गर्नुपर्ने ।
- जिल्लाको उत्तरी भेगमा कम्तिमा ३ र पुर्वी भेगमा १ वटा आयुर्वेद स्वास्थ्य संस्था स्थापना गरिनु पर्ने ।
- सम्पुर्ण प्राविधिक कर्मचारीहरुलाइ कार्यक्रम संचालन पूर्व तालिम तथा समय समयमा पुनर्ताजकि तालिमको ब्यबस्था गरीनु पर्ने ।
- प्रभावकारी कायक्रम तथा प्रयाप्त बजेटको ब्यबस्था गरिनु पर्ने ।
- जिल्ला स्थित सरकारी तथा गैरसरकारी संस्थाहरुसंग समन्वय गर्नुपर्ने ।

## १५. भवन डिभिजन कार्यालय, गोरखा

प्रस्तुतकर्ता : इन्जिनियर श्री प्रदिप खनाल

## १६. ग्रामीण तालिम केन्द्र, सिम्पानी

प्रस्तुतकर्ता : प्रशासकीय अधिकृत श्री अच्युतराज रेग्मी

**प्राप्त सुझावहरु तथा जिज्ञासाहरु**

- ग्रामीण तालिम केन्द्रलाई जिल्ला जनस्वास्थ्य कार्यालयबाट पनि सहयोग हुन सक्छ । समन्वय होस ।

## १७. सडक डिभिजन कार्यालय, दमौली

प्रस्तुतकर्ता : डिभिजन प्रमुख श्री बेल बहादुर भुजेल र सव इन्जिनियर श्री राजनारायण सरदार

**समस्या तथा चुनौतीहरु**

- छरिएका योजनाहरु तथा अपर्याप्त बजेट ।
- बजेट समयमा नआउने ।
- जनशतिको कमी ।
- स्थानीय विवाद ।
- निर्माण व्यावसायीले समयमा कार्य सम्पन्न गर्न उत्सुकता नदेखाउने ।
- कार्यलय तथा साइटको दुरी टाढा ।

**प्राप्त सुझावहरु तथा जिज्ञासाहरु**

- नाम नै नसुनेको सडकहरु नामाकरण गरिएको छ । एलाइन्मेण्ट नै मिलेको छैन । के हो ?

- तुरतुरे साइँलीटार सडकको गोरखा र लमजुङ दुवै खण्डमा कार्य भएको छ कि एक खण्डमा मात्रै कार्य भएको छ ?
- पुरानकोट भीरखण्डमा सवैजसो रकम खर्च भएको देखाइयो । टेण्डर हुँदा निकै नै विलो गएको भन्ने सुनिएको थियो । कसरी सवैजसो खर्च भएको देखाइयो ?
- उक्त सडकको पहिलो टेण्डरबाट बचेको रकमलाई रि टेण्डर गरिएको थियो । र पुन बचेको रकमलाई अर्को शिर्षकमा सारिएको थियो ।
- २०६७ सालमा शुरुवात भएको मर्स्याङ्दी नदीमाथिको पाउँदी मोटरेवल पुल हालसम्म पनि सम्पन्न नहुनुको कारण के हो ? पहिलो निर्माण व्यवसायीसंगको ठेक्का संझौता तोडेर भए पनि कार्य गराउने आदेश डिभिजन कार्यालयमा आएको थियो । यसको  स्पष्ट जवाफ चाहियो ।
- केन्द्रमा अनेक पहल गरेर हामी बजेट ल्याउने तर डिभिजन सडकले कार्यालय टाढा रहेको, जनशक्तिले नभ्याएको वाहनामा रकम खर्च नहुने स्थिति रहन गयो । के हामीले सक्दैनौ भनेर लेखेर दिनुहोस् हामी सव डिभिजन कार्यालय बेसीशहरमा राख्न पहल गर्छौं ।
- सडक डिभिजनका कामहरु काम भएनन् भन्ने जनगुनासो छ । ठेकेदारले विलोमा गरे पनि गुणस्तर त शत प्रतिशत कायम राख्छु भनेर कार्य गरेको हो । कार्य हुनु पर्‍यो ।
- सडक मापदण्डको बारेमा व्यापक अन्यौल छ । बेसीशहरदेखि अन्य बजार क्षेत्र भत्किने भए भनेर चर्चा चल्छ । तर के हो ?
- एउटै सडकलाई विभिन्न नामले एकभन्दा बढी ठाउँमा रकम विनियोजन भएको छ । एउटै टेण्डर होस् ।
- सडक मापदण्ड १५ मिटरबाट १० मिटरमा  झार्ने एउटा विकल्प र वान वे बनाउने अर्को विकल्प हुन सक्छ ।
- सडकको कार्य दुईचार दिन काम गर्ने महिनौं हराउने कार्य किन हुन्छ ?
- तीन वर्ष भयो बेसीशहरको विचभागमै सडकको दुर्गति छ । सडक डिभिजनले किन हेर्दैन ?

## १८. जिल्ला वालकल्याण समिति,लमजुङ

प्रस्तुतकर्ता : बाल अधिकार सहायक श्री शिव थापा,

### हासिल गरेका उपलब्धीहरु

- बालबालिकासम्बन्धी पाँच वर्षे रणनीतिक योजना तयार भई लागू भएको
- स्थानीय बाल संरक्षण समिति र विद्यालयहरुकै सहभागितामा बाल संरक्षणसम्बन्धी आचार संहिता र बालसंरक्षणसम्बन्धी नीति तर्जुमा गरिएको
- जिल्लाका विभिन्न ९ वटा गा.वि.स.हरुमा रहेको बालविवाहको स्थिति तयार पारिएको
- भारततर्फ गैर कानुनी ढंगले लगिँदै गरिएका १५ जना बालबालिकाको उद्दार

### समस्या तथा चुनौतीहरु

- स्थानीय बालक्बल तथा गाउँ बाल संरक्षण समितिहरुको संस्थागत विकासमा कठिनाई
- आपतकालीन अवस्थामा उद्दार गरिएका बालबालिकाको अल्पकालीन तथा दीर्घकालीन व्यवस्थापन

## १९. जिल्ला विकास समितिको कार्यालय,लमजुङ

प्रस्तुतकर्ता : स्थानीय विकास अधिकारी श्री विष्णुदत्त गौतम

### आव २०७०।०७१मा हासिल गरेका प्रमुख उपलब्धीहरु

- स्थानीय जनताको ७०% र जिविसको ३०% लागत साझेदारीमा सडक कालोपत्रे गर्ने कार्य अत्यन्त प्रभावकारी देखिएको ।
- २. पाउँदी खोलामा निर्माणाधीन सडक पुल निर्माण कार्य तोकिएको समय अगावै सम्पन्न हुने अवस्थामा पुगेको ।
- ३. जिल्लाको ५ वर्षे आवधिक जिल्ला विकास योजना तर्जुमा भई जिल्ला परिषदबाट स्वीकृत भएको ।
- ४. जिल्लालाई खुल्ला दिसामुक्त जिल्ला घोषणा गर्ने अभियानमा उल्लेखनीय प्रगति भएको ।
- ५. जिविसको आन्तरिक श्रोततर्फ प्रशासनिक खर्चलाई कानूनले तोकेको सीमाभित्र राख्न सफलता प्राप्त भएको ।

### समस्या तथा चुनौतीहरु

- कानून वमोजिम जिल्लाले प्राप्त गर्नुपर्ने श्रोतमा पहुँच पुऱ्याउन नसकिएको ।
- योजना तर्जुमा र छनौट प्रक्रियालाई भखष्मभलअभ दबकभम बनाउन नसकिएको ।
- योजनाहरु दिगो विकासको अवधारणामा आधारित रहेर छनौट र सञ्चालन गर्न नसकिएको ।
- समयमै छनौट भएका योजनाहरुमा पनि संझौता र कार्यान्वयनमा ढिलाई हुने गरेको ।
- उपलब्ध श्रोत र जनशक्ति तथा प्रतिफलको आधारमा योजना संख्या अधिक देखिएको ।
- योजनाहरुको गुणस्तरीयता कायम गर्न नसकिएको ।
- योजना अनुगमन प्रभावकारी हुन नसकेको ।

### प्राप्त सुझावहरु तथा जिज्ञासाहरु

- ड्रिलिप आयोजनाको सम्बन्धमा लमजुङ ब्ल्याक लिष्टमा छ भन्ने सुनिएको छ । के हो ?
- डेढ वर्ष पहिले खासुरमा दलित उत्पीडित महोत्सव आयोजना गरिएको थियो । तर जिविसबाट कुनै बजेट सहयोग गरेन ।
- सांसद विकास कोषको रकम गैसस र सहकारीमार्फत खर्च गर्न मिल्छ वा मिल्दैन ?

## २०. नेपाल टेलिकम,लमजुङ

प्रस्तुतकर्ता : कार्यालय प्रमुख श्री सुवास न्यौपाने

### गत आवमा हासिल गरेका प्रमुख उपलब्धीहरु

- जिएसएम (नमस्ते) विटिएस सेवा २ स्थानमा थप (चिती र भुजुङ) गरिएको ।
- सिडिएमए सेवा २ स्थानमा थप (चिती, भोटेओडार) गरिएको ।
- ल्याण्डलाइन विस्तारको लागि ५ स्थानमा सर्वे सम्पनन्न हुने अवस्थामा रहेको ।

- वाईम्याक्सकको विएसएस सेवा ४ स्थानमा जडान भएको । (बेसीशहर, भोटेओडार, सुन्दरबजार, बाग्लुङपानी)

**प्राप्त सुझावहरु तथा जिज्ञासाहरु**

- भुजुङमा वाइ म्याक्स सेवा चाहियो । पर्यटकीय क्षेत्र भएकोले आवश्यक पनि छ ।
- एउटा नम्बरमा डायल गर्दा अर्को नम्बरमा फोन जान्छ । कसरी भयो ?

## २१. बेसीशहर नगर विकास समिति :

प्रस्तुतकर्ता : इन्जिनियर श्री प्रदिप खनाल

# गैससहरुको प्रस्तुतीकरण

## १. ग्रमीण शसक्तिकरण समाज, दमौली

प्रस्तुतकर्ता : सामाजिक परिचालक श्री माधव न्यौपाने

## २. अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, भुजुङ

**प्रस्तुतकर्ता : कार्यालय प्रमुख श्री राजेश गुप्ता**

**प्राप्त जिज्ञासा तथा सुझावहरु**

- अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले उठाएको सम्पति कहाँ जान्छ ?
- एक्यापको आम्दानी कुन कुन श्रोतबाट कति कति आएको छ ? आम्दानीको श्रोत बताइदिनु पर्‍यो ।
- संरक्षण क्षेत्र व्यवस्थापन समितिसंग भएको रकम खर्च गर्न नपाउने हो भने के अर्थ भयो र ?

## ३. कोपाडेस (विषयगत कार्यालयमार्फत पनि प्रस्तुतीकरण भएको)

प्रस्तुतकर्ता : कार्यक्रम संयोजक श्री विजय गुरुङ

## ४. नेपाल रेडक्रस सोसाइटी

प्रस्तुतकर्ता : कार्यक्रम अधिकृत श्री भाइराज खड्का

## ५. लमजुङ उवासंघ

प्रस्तुतकर्ता : लमजुङ उद्योग बाणिज्य संघका अध्यक्ष श्री रामकुमार श्रेष्ठ

**प्राप्त जिज्ञासा तथा सुझावहरु**

पर्यटकीय गाउँ खासुरमा पनि ओभिओपी कार्यक्रम विस्तार गर्नु पर्‍यो ।

**६.वर्ल्ड भिजन लमजुङ एडिपी** (child sponsership को मात्र, अन्य सम्वन्धित गैसस र विषयगत कार्यालयबाट प्रस्तुत भएको)
प्रस्तुतकर्ता : विकास संयोजक श्री सरस्वती भण्डारी

**७. सुआहारा कार्यक्रम**
प्रस्तुतकर्ता : वास अफिसर श्री भरत प्रसाद भट्ट

**८. चेस नेपाल** (विषयगत कार्यालयमार्फत पनि प्रस्तुतीकरण भएको)
प्रस्तुतकर्ता : परियोजना संयोजक श्री दानु दरै
**९. च्वाइस नेपाल** (विषयगत कार्यालयमार्फत पनि प्रस्तुतीकरण भएको)
प्रस्तुतकर्ता : कार्यक्रम निर्देशक श्री किरण न्यौपाने

**१०. समग्र विकास सेवा केन्द्र**
प्रस्तुतकर्ता : जिल्ला संयोजक श्री रुद्र कोइराला

**११. लमजुङ सीप विकास प्रतिष्ठान, गैरी क्याम्पस**
प्रस्तुतकर्ता : कार्यक्रम अधिकृत श्री मिना गुरुङ
**प्राप्त जिज्ञासा तथा सुझावहरु**
- सिटिइभिटीले लिने स्किल टेस्टको उतिर्ण प्रतिशत कस्तो छ ?
- ३ महिने तालिम लिने कुरा महत्वपूर्ण छ । तर उत्साहजनक सहभागिता छैन ।

**१२. लक्ष्मीनारायण सामुदायिक पुस्तकालय** (विषयगत कार्यालयमार्फत पनि प्रस्तुतीकरण भएको)

**सम्वन्धित विषयगत कार्यालयमार्फत प्रस्तुतीकरण भएका गैससहरु :**

१३. हरियो वन कार्यक्रम

१४. ग्रामीण सामुदायिक विकास केन्द्र

१५. सेर्सोक

१६. शिलषा कार्यक्रम

१७. दलित सेवा संघ

१८. महिला आपसी सहयोग केन्द्र

१९. स्क्यान नेपाल

२०. अपांग संरक्षण समाज

२१. नौलो घुम्ती कार्यक्रम

२२. ग्लोवल एक्सन नेपाल

२३. गोखरा वेलफेयर स्किम

*अनुसूची २ :*

**समापन कार्यक्रममा माननीय सभासदज्यूहरु, राजनीतिक दल, प्रजिअ र स्थाविअज्यूले व्यक्त गर्नुभएका विचारहरु**

### माननीय श्री चन्द्र बहादुर कुँवर- लमजुङ क्षेत्र नं २

- नेपालमा निर्वाचित संस्था भनेको अहिले सांसद मात्र छन् ।
- २०५४ पछि स्थानीय निकायको चुनाव नहुनु विडम्बना हो । स्थानीय चुनाव भनेको के हो थाहा नपाउने युवाहरु छन् ।
- हामी माग्न र कार्यक्रम बनाउन डराउँछौं कसरी पाउने ?
- तपाइँ कर्मचारीहरु निष्ठापूर्वक काममा लाग्नुहोस् ।
- कार्यालय प्रमुखले सेवाकालीन समयमा केही न केही राम्रा काम गरौं । त्यस्ता कार्य गरौं जुन पछि संझदा पनि आनन्द लागोस् । पछि पछुतो नहोस् ।
- समीक्षा गोष्ठीमा प्रस्तुतीकरण राम्रो छ । समस्याहरुको बारेमा हामी केन्द्रमा पनि कुरा उठाउँछौं ।
- मध्य पहाडी राजमार्ग अहिले चेपे धमिलीकुवा, पाउँदीढिक सुन्दरबजार विमिरेभञ्ज्याङ हुँदै जाने गरी तय भएको छ । विमिरेभञ्ज्याङमा सुरुङ खनियो भने चार किमी घट्ने कुरा पनि भएको छ ।
- बेसीशहर चामे सडक चामेसम्म कालोपत्रे गरिनेवाला छ ।
- सडक मापदण्डको बारेमा सर्प पनि मरोस् लठ्ठी पनि नभाँचियोस् भन्ने तवरले जानु पर्छ ।
- सडक मापदण्डको बारेमा लउवासंघले नेतृत्व गरोस् ।
- आगामी वर्ष जिल्लाको विकासमा अझ प्रगति होस् ।

### माननीय श्री जमिन्द्रमान घले - लमजुङ क्षेत्र नं १

- समीक्षा गोष्ठी धेरै महत्वपूर्ण ठानेर नै संसद छोडेर आइयो ।

- योजना तर्जुमादेखि लिएर कार्यान्वयनतहसम्म आइपरेका समस्या पनि प्रस्तुत भए । धेरै सिक्ने अवसर मिल्यो, आफूलाई अद्यावधिक (update) गराउने अवसर मिल्यो । यसको लागि स्थानीय विकास अधिकारी र सवै कार्यालय तथा संघसंस्थाहरुलाई धन्यवाद छ ।
- बटम अप प्रक्रियाबाट योजना छनौट गरिन्छ तर रातो किताबमा अर्कै तवरबाट योजना आउँछन् । यो समस्याालाई त्यही तवरबाट समाधान खोजिनु पर्छ ।
- जनशक्ति पर्याप्त छैन, आवश्यक समन्वय पुगेको छैन, योजना संख्या अत्याधिक छन्, बजेट छरिएको छ, सवै कार्यालयहरु जिल्लामा छैनन्, उपभोक्ता समिति समयमै गठन हुन नसक्दा योजना सञ्चालन ढिलो हुने गरेको छ जस्ता समस्याहरु प्रमुख रुपमा उठे ।
- गाविसतहका राजनीतिक प्रशिक्षणहरुमामा विकासका विषयहरु समावेश गर्नु पर्छ जस्तो लाग्छ ।
- आफूले सक्ने कार्यमा सक्दो सहयोग पुऱ्याउने छु ।
- सवै नागरिकहरु कार्यालयहरुले दिने सेवा प्रवाहमा सुसूचित पनि छैनन् । यस कार्यमा सञ्चार माध्यमलाई उपयोग र क्रियाशिल गराऔं ।
- संविधान निर्माणको कार्यमा पनि तिव्र गतिमा कार्य भै रहेको छ ।
- आवधिक योजनाहरुलाई आधार मानेर सवै कार्यालयहरुले बार्षिक योजना तर्जुमा गरौं ।
- वर्तमान स्थानीय विकास अधिकारीको भूमिकाको कारणले गर्दा जिल्लाको status माथि उठेको छ । यसमा सवैले सक्दो सहयोग पुऱ्याएकै हुनु पर्दछ ।
- मिलेर नै समृद्ध नेपाल र समृद्ध लमजुङ निर्माण गर्न सक्छौं ।

## माननीय श्री टुका हमाल

- जिल्लाको विकास गर्ने कुरामा हामी संकीर्णता भित्र नरहौं ।
- जिल्लाको संभावना प्रचुर छ । हामी सवैको एउटै ध्येय कसरी यो जिल्लालाई प्रगतितर्फ लैजान सकिन्छ भन्ने नै हो ।
- आवधिक जिल्ला विकास योजनामा छुटेका कुराहरु छन् भने पनि समावेश गरेर जाऔं ।
- हामीसंग जल, जंगल र जमिन छ । अधिकारको लडाई सकिएको छ । विकास दिएर मात्र पनि पुग्दैन । आर्थिक अवस्था पनि सुधार गर्ने र समृद्धितर्फ लाग्ने योजना तयार गर्नु पर्छ ।
- व्यवसायिक खेती प्रणाली अबलम्बन गर्न सकेका छैनौं ।
- भोट एक पटक बिग्रे पनि बिग्रन्छ । तर सिष्टम बसाल्ने प्रयत्न र सहास हामीले गर्नै पर्छ ।
- पछाडि परेका तथा पारिएका समुदायलाई पनि विकासमा संगसंगै लैजान जरुरी छ ।
- गाउँमा महिलाहरुलाई विकासमा अग्रसर नगराउने हो भने विकास गर्न सकिने अवस्था पनि छैन ।
- महिलामुखी कार्यक्रम प्रभावकारीरुपमा सञ्चालन गरिनु पनि पर्दछ ।
- महिला शसक्तिकरणको लागि थप प्रभावकारी प्रयासहरुको आवश्कयता छ ।

## माननीय डा. श्री भीष्म अधिकारी

- सदन छोडेर यहाँ आउँदा धेरै कुरा सिक्ने अवसर मिल्यो ।
- योजनाहरु छनौट, श्रोत परिचालन र कार्यान्वयन सवैको जिम्मेवारी स्थानीयतहबाटै गर्ने प्रयास भए पनि सफल हुन सकेको छैन ।

- स्थानीय आवश्यकताहरु जिल्लामा बसेर कार्य गर्नेलाई थाहा हुन्छ ।
- राज्यसंग एउटा फर्मेट छ । योजना छनौट सम्वन्धमा ।
- कार्यालय प्रमुखहरुले राख्नु भएको उपलब्धीलाई बढाउँदै लैजाऔं ।
- विगतमा एपसिपीएममा अनुतिर्ण भएको स्थितिमा जिविसको वर्तमान नेतृत्वले पाँचौ नम्बरमा ल्याउन सकेकोमा कृतज्ञता ज्ञापन गर्दछु ।
- राजश्व उठाउने कार्यमा जिविसले महत्वपूर्ण उपलब्धी हासिल गरेको पाइयो ।
- जिल्लामा आउने राजश्व बृद्धिमा जिविसले पहल गरोस् । हामी पुरापुर सहयोग गर्छौं ।
- सभासदहरु हामी छ जनाको नै मतैक्यता छ । विकास र समृद्धिको सवालमा दलभन्दा माथि उठ्छौं ।
- रकम खर्च भए प्रगति भयो भनेर हेर्ने ब्युरोक्रेसीको प्रचलन देखियो । तर खर्च गरेर र दिएर मात्र पुग्दैन । उसले के गरिरहेको छ ? भनेर पछिका समयहरुमा पनि अनुगमन गरौं ।
- विपन्नता देखि लिएर सवै डाटाहरु जिविसमा छन् । योजना बनाउँदा ती तथ्यांकहरुको प्रयोग गरौं ।
- विषयगत कार्यालयका कार्यक्रमहरुको बारेमा गाउँहरुमा सूचना नै छैन ।
- युरोपमा गइयो भने मानिसहरु के रोगले मर्छन् भन्ने डाटा राज्यले उपलब्ध गराउँछ । पछि विशेषज्ञ बाट खानेकुरा र जीवनशैली वताइदिने कार्य हुन्छ । यसले १४ वर्ष औषत बढाउन युरोपेलीहरु सफल भए ।
- सिर्जनात्मक, व्यवस्थित र योजनाबद्ध ढंगले गइयो भने नतिजा प्राप्त हुन्छ । दुनियामा गरेरै उपलब्धी निस्किएको हो । सामुहिक प्रयत्न गरौं ।
- पूर्वाधार मात्र विकास हो भन्ने बुझाई छ । मानिस आफैं जवसम्म सक्षम र विकसित छैन भने विकास असम्भव छ ।
- सिर्जनात्मक कुरा ल्याउने कुरामा तपाइँहरुको (कार्यालय प्रमुख) फिडब्याक प्राप्त होस् ।
- बंगुर दिन भन्दा फर्निचर बनाउन सिकाउँदा राम्रो हुन्थ्यो कि ? मार्केटमा सिलेवल हुने काम सिकाऔं ।
- सांसद विकास कोषको रकम निर्देशिका वमोजिम खर्च गर्ने व्यवस्था छ ।

**माननीय श्री लालबहादुर गुरुङ**

- जिविसको कृषिमा कम रकम विनियोजन भएको देखियो । सडकमा ६१ प्रतिशत गएको देखियो । सडक पुगे भयो गाडी पुग्ने स्थिति भएको छैन । सडक स्तरोन्नति गरी बाह्रै महिना यातायात चल्ने हुनु पर्‍यो ।
- ७९३ किमी सडकमध्ये २८ किमी मात्र कालोपत्रे सडक छ । यसलाई बढाउनु पर्‍यो ।
- बैदेशिक रोजगारमा जानेहरुलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्नु पर्‍यो । युवाहरुबारे अध्ययन भएको पनि छैन । तथ्यांक पनि अपडेट छैन । कति विदेश छन् ? दक्ष वा अदक्ष कुन कामको लागि विदेश छन् । हामी युवाहरुलाई विदेश जाऊ भन्न पनि सक्दैनौं नजाऊ भन्न पनि सक्तैनौं ।

- एनसेल बढ्दै जाने एनटिसीको कार्य ढिलो हुने एउटा उदाहरण हो । नीति बनाउँदा बनाउँदै समय जाँदा अर्कोले उछिन्ने स्थिति आयो ।
- विपन्नता स्तरीकरण कार्यमा अति विपन्न विपन्नको घरधुरी संख्या देखाइएको छ । व्यक्ति व्यक्ति कसरी गनियो । स्पष्ट हुन चाहन्छु ।
- कमजोरीहरु सुधार गर्दै जाऔं । हरेक कार्यमा सभासदको हैसियतले सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु ।

**श्रवण कुमार तिमिल्सिना**

- जिविसको प्रगति समीक्षा राम्रो लाग्यो । राष्ट्रिय विकासमा लमजुङ जिल्लाको योगदान पनि समेट्न अनुरोध गर्दछु ।
- समीक्षामा ३ वटा विषयहरु हेर्नुपर्छ । सेवा प्रवाह, सुशासन र उपलब्धीहरु, समस्या तथा चुनौतीहरु
- जनता दुई किसिमका हुन्छन् टाठाबाठा र सोझासिधा ।
- जिविसको लगानी सडकमा ६१ प्रतिशत छ । के सही लगानी हो त ?
- कार्यालयहरु विचको समन्वय कस्तो छ ? दोहोरोपनाालाई व्यवस्थित गर्नु पर्छ ।
- वित्तिय र भौतिक प्रगति त देखायौं तर गुणस्तरीयता कस्तो छ ध्यान दिनु पर्छ ।
- रिजल्ट बेस प्लानिङ र रिजल्ट बेस अनुगमन गरौं ।

**कृष्ण कोइराला : सभापति, नेपाली कांग्रेस**

- यस आवको रातो कितावमा जिल्ला परिषदबाट पारित भएका योजनाहरु २५ प्रतिशत मात्र परेका होलान् ।
- योजनाहरु जस्केलाहरुबाट छिर्ने भए । गाउँ परिषद र इलाका गोष्ठी सञ्चालनको औतित्य माथि नै प्रश्न आएको छ ।
- ठोस प्रगति देखिन सकोस् । आगामी समीक्षाका दिनहरुमा ।
- काम गर्दा आफूमै केन्द्रित गऱ्यौं कि ? समन्वय कम भयो कि ?
- राजनीतिक आग्रह पूर्वाग्रहबाट प्रेरित भएर योजना छनौट गर्ने हामी भित्रको सोचलाई पनि बदन्नु पर्छ ।

**धनञ्जय दवाडी :अध्यक्ष नेकपा एमाले**

- हामी परम्परागत रुपमा मात्र हिंडेका छौं ।
- गरेका कार्यहरुबाट उपलब्धी निकाल्ने र त्यही तवरबाट समीक्षा गर्ने परिपाटी बसालौं ।
- समयसंगै कुँद्न सकेका छैनौं । समयको पछि पछि मात्रै हिंडेका छौं ।

**पारसमणि पौडेल :अध्यक्ष एनेकपा माओवादी**

- समीक्षा गोष्ठी हाम्रा लगानीका केन्द्रहरु कहाँ कहाँ रहे ? हाम्रा लगानी सदुपयोग भए कि भएनन् ? आगामी दिनमा कसरी जाने भन्ने तय गर्ने अवसर हो ।

- जिल्लाका दीर्घकालिन विकासका सोचहरु अनुरुप लगानी केन्द्रित कार्यहरु भए भएनन् भनेर समीक्षा गर्ने दिन पनि हो ।
- जिल्लामा लगानी मैत्री वातावरण निर्माण गर्नु पर्‍यो ।
- पर्यटन क्षेत्रमा यस जिल्लाको लागि सोच राखेर कार्य हुनु पर्‍यो ।
- च्वाइस नेपालको बजेट २ करोड ५२ लाख छ तर प्रशासनिक खर्च ५ लाख मात्र छ । धन्यवाद ।
- च्वाइस नेपालले गाविसलाई पनि शक्ति दिएको रहेछ । गाविस मार्फत कार्यक्रम सञ्चालन गरेर ।
- कृषि उत्पादन घटेको पाइयो । कसरी जाने हो ?
- गाउँशहरलाई पर्यटकीय गन्तव्य बनाउनु पर्‍यो । अन्य गन्तव्यहरु पनि तय गरौं ।
- समग्र विकासको लागि राजनीतिक दलहरुको दायित्व पनि बढेको छ ।
- जडीबुटीको संरक्षण, संकलन र प्रशोधन गरौं । यहीं गरौं ।

**अविरल न्यौपाने : सह सेक्रेटरी, नेकपा माओवादी**

- आर्थिक वर्ष २०७०।०७१ लाई हामीले सफलतापूर्वक कार्यक्रम सञ्चालन गरी टुङ्ग्याउन सक्यौं जस्तो लाग्छ । कार्यालय प्रमुख तथा संघसंस्था प्रमुखहरुलाई विशेष धन्यवाद दिनै पर्छ ।
- खाली कति रकम आयो र कति खर्च भयो भन्ने सवालमा मात्र प्रगति हेर्ने परम्परा बदल्नु पर्छ ।
- राज्य भनेको सिष्टम हो । तर सिष्टमको लडाइँलाई हामीले जित्न सकेका छैनौं ।
- कार्यालय प्रमुख फेरवदल हुँदा उक्त कार्यालयको प्रगति गति धेरै फरक हुनु पनि सिष्टम नबसेकै कारण हो ।
- कृषिलाई प्राथमिकता दिएर कार्यक्रम सञ्चालन गर्नु पर्ने छ । विदेश जाने युवायुवती लक्षित कार्यक्रम सञ्चालन गर्नु छ ।
- गैससको कार्यक्रम सवै गाविसहरुमा समानुपातिक रुपले जान सके हुन्थ्यो । केही गाविसहरुमा कार्यरत गैससको संख्या अधिक छ । कुनैमा ज्यादै कम छ ।

**बालचन्द्र श्रेष्ठ**

- हरेक सरकारी तथा गैर सरकारी कार्यालयहरुले आय व्यव तथा कार्यक्रम प्रस्तुत गरी हार्ड कपि उपलब्ध गराउनु भएको छ ।
- जिल्लामा प्राप्त हुनु पर्ने उठाउनु पर्ने राजश्वमा बृद्धि गर्न विशेष पहल गर्ने स्थानीय विकास अधिकारीज्यूलाई धन्यवाद छ ।
- विषयगत कार्यालयमार्फत गैससको प्रस्तुतीकरण भएको छ ।
- जिल्लास्तरका पार्टी प्रमुखलाई नजरअन्दाज गर्ने कार्य कुनै पनि विषयगत कार्यालयबाट नहोस् ।

**विष्णुदत्त गौतम : स्थानीय विकास अधिकारी**

- हाम्रो प्रगति समीक्षा इनपुट र आउटपुटमा केन्द्रित हुन्छौं । तर उपलब्धी, असर प्रभावमा केन्द्रित हुन सकेका छैनौं । असर त उही वर्षमा देखाउन सक्ने कुरा पनि भएन तर उपलब्धी त देखाउन सक्छौं नि ।

- पूर्वाधारमा लगानी गर्न त आवश्यक छ नै तर त्यसबाट समग्र उपलब्धी कस्तो भयो त्यो महत्वपूर्ण हो ।
- विकासका बारेमा जिल्लाभित्र त्यस्तो विमती छैन । आव २०७०।०७१ को प्रगति सन्तोषजनक नै हो जस्तो लाग्छ ।
- आर्थिक वर्षको अन्तमा कार्य हुने प्रवृति बदल्नु पर्छ । आगामी वर्षबाट नै सुधार गर्न सकिन्छ ।
- समीक्षा गोष्ठीमा उपस्थित सवै जनहरुप्रति कृतज्ञता ज्ञापन गर्दछु ।
- प्रस्तुत गर्ने सवै सरकारी कार्यालय तथा संघसंस्थाहरुलाई धन्यवाद छ ।
- चालु आवमा थप उत्साहका साथ कार्य गर्ने प्रेरणा हामी सवैलाई मिलोस् ।

## अनुसूची ३
## समीक्षा गोष्ठीको कार्यक्रम तालिका

कार्यक्रम सञ्चालन : युवराज अधिकारी, योजना अधिकृत
प्रतिवेदन लेखन : मेघेन्द्र पोखरेल
प्रस्तुतीकरण सहयोग : सूर्यमान श्रेष्ठ र लोमश अधिकारी
उपस्थिति सहयोगी : शम्भु घिमिरे र चित्र घले
खाजा व्यवस्थापन : चित्र बोहोरा र कार्यालय सहयोगीहरु

**आसन ग्रहण :**

अध्यक्षता : स्थानीय विकास अधिकारी

माननीय सभासद श्री दिल बहादुर घर्ती

माननीय सभासद श्री चन्द्र बहादुर कुँवर

माननीय सभासद श्री टुका हमाल

माननीय सभासद श्री जमिन्द्रमान घले

माननीय सभासद डा. श्री भिष्म अधिकारी

माननीय सभासद श्री लालबहादुर गुरुङ

प्रमुख जिल्ला अधिकारी श्री श्रवणकुमार तिमिल्सिना

नेपाली कांग्रेसका सभापति श्री कृष्ण कोइराला

नेकपा एमालेका अध्यक्ष श्री धनञ्जय दवाडी

एनेकपा माओवादीका अध्यक्ष श्री पारसमणि पौडेल

नेकपा-माओवादीका इन्चार्ज/सेक्रेटरी श्री

राप्रपा अध्यक्ष श्री बालचन्द्र श्रेष्ठ

राप्रपा नेपालका अध्यक्ष श्री शंकरराज विष्ट

संघीय समाजवादीका

संघीय गणतान्त्रिक समाजवादी

अखण्ड नेपालका

पशुपति प्रसाद गण गणपति श्री डिकबहादुर थापा

प्रहरी नायव उपरीक्षक श्री अच्युत पुडासैनी

राजनीतिक दलका जिल्लास्तरीय पदाधिकारी तथा सदस्यहरु

सम्पूर्ण सरकारी कार्यालयका कार्यालय प्रमुखहरु

लमजुङ उ.वा. संघका अध्यक्ष श्री रामकुमार श्रेष्ठ

नेपाल पत्रकार महासंघका अध्यक्ष श्री नविन कुइँकेल

नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष श्री नारायणप्रसाद घिमिरे

अन्तरपाटी महिला सञ्जालका अध्यक्ष श्री लक्ष्मी अधिकारी

आदिबासी जनजाति जिल्ला समन्वय परिषदका अध्यक्ष श्री खेमजंग गुरुङ

जिल्ला बालक्लव सञ्जालका अध्यक्ष श्री रोशन श्रेष्ठ

अपांग संरक्षण समाजका अध्यक्ष श्री चन्द्रकान्त पौडेल

गैसस महासंघहरुका प्रमुख तथा प्रतिनिधिहरु

सम्पूर्ण अ/गैससका प्रमुख तथा प्रतिनिधिहरु

गोष्ठीमा उपस्थिति कर्मचारी पत्रकार लगायत सम्पूर्ण

स्वागत तथा गोष्ठीको उद्देश्यबारे प्रकाश : स्थानीय विकास अधिकारी

लमजुङको सवै गाविसहरुको चिनारी राख्ने गीत प्रस्तुत

**कार्यालयगत प्रस्तुतीकरण**

१. जिल्ला वन कार्यालय

२. जिल्ला भू संरक्षण कार्यालय

३. जिल्ला कृषि विकास कार्यालय
४. जिल्ला पशुसेवा कार्यालय
५. जिल्ला घरेलु विकास समितिको कार्यालय
६. महिला तथा बालबालिका कार्यालय
७. जिल्ला बालकल्याण समिति
८. जिल्ला शिक्षा कार्यालय
९. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र
१०. लमजुङ जिल्ला सामुदायिक अस्पताल
११. जिल्ला जनस्वास्थ्य कार्यालय
२४. अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना
२५. हरियो वन कार्यक्रम
२६. कोपाडेस
२७. वर्ल्ड भिजन
२८. सुआहारा कार्यक्रम
२९. ग्रामीण सामुदायिक विकास केन्द्र
३०. नेपाल रेडक्रस सोसाइटी
३१. लमजुङ उद्योग वाणिज्य संघ
३२. जिल्ला खेलकुँद विकास समिति
३३. चेस नेपाल
३४. सेर्सोक
३५. लमजुङ सीप विकास प्रतिष्ठान
३६. शिलषा कार्यक्रम
३७. च्वाइस नेपाल
३८. दलित सेवा संघ

१२. ग्रामीण तालिम केन्द्र
१३. खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय
१४. पश्चिमाञ्चल सिंचाई विकास डिभिजन नं १
१५. शहरी विकास तथा भवन डि कार्यालय
१६. जिल्ला प्राविधिक कार्यालय
१७. सडक डिभिजन कार्यालय
१८. बेसीशहर नगर विकास समिति

**गैसस तथा संघसंस्थाहरु**

३९. महिला आपसी सहयोग केन्द्र
४०. स्क्यान नेपाल
४१. अपांग संरक्षण समाज
४२. नौलो घुम्ती कार्यक्रम
४३. लक्ष्मी नारायण सामुदायिक पुस्तकालय
४४. ग्लोवल एक्सन नेपाल
४५. सर्वोदय सेवाश्रम
४६. समग्र विकास सेवा केन्द्र
४७. समाज उत्थान सामुदायिक संस्था
४८. आदर्श महिला तथा बाल विकास केन्द्र
४९. कोपिला नेपाल
५०. पिएसआई नेपाल
५१. ग्रामीण शसक्तिकरण समाज दमौली
५२. लमजुङ विद्युत उपभोक्ता संस्था
५३. गोखरा वेलफेयर स्किम

समापन कार्यक्रम (पछि छुट्टै तयार गरिने)